जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

हार्दिक शुभकामना

मर्यादा पुरुषोत्तम भगवान रामको जन्मोत्सव रामनवमीका अवसरमा हाम्रा शुभेच्छुकहरुमा हार्दिक शुभकामना ।
जनकपुर टुडे राष्ट्रिय दैनिक | रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल

वर्ष २७ •अंक २९७ • २०८२ साल चैत १३ गते शुक्रबार (27 March, Friday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## आज रामनवमीः धार्मिक यात्रामा रोक प्रति आपत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । चैत शुक्ल पक्ष नवमीका दिन मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्रको जन्मदिन श्रद्धापूर्वक मनाइँदैछ ।

तर रामनवमीको अवसरमा आयोजना गरिने धार्मिक यात्रामाथि जिल्ला प्रशासन कार्यालय धनुषाले रोक लगाएपछि स्थानीयवासी भने असन्तुष्ट छन् ।

हिन्दू धर्मावलम्बीहरुको मुख्य आस्थाको केन्द्र रहेको जनकपुरधाममा नै जिल्ला प्रशासन कार्यालयले धार्मिक यात्रा गर्नमाथि लगाएको रोकप्रति यहाँका सर्वसाधारणहरुसमेत आक्रोशित भएका छन् ।

रामनवमीको अवसर पारेर विभिन्न तीन वटा धार्मिक संघसंगठनले धार्मिक यात्रा अन्तर्गत शोभायात्रा, बाइक ऱ्याली तथा सार्वजनिक प्रदर्शनमा रोक लगाएपछि आक्रोशित हुँदै आफ्नो धार्मिक यात्रा नरोकिने चेतावनीसमेत दिएका छन् ।

जिल्ला प्रशासन कार्यालय धनुषाद्वारा जारी गरिएको पत्र अनुसार जिल्ला सुरक्षा समितिको बैठकबाट हालको अवस्थालाई मध्यनजर गर्दै कुनै पनि संघसंस्था वा निकायलाई सभा, जुलुस, ऱ्याली र प्रदर्शन गर्न अनुमति दिन उपयुक्त नहुने जनाएको छ ।

सो निर्णयका आधारमा प्रशासनले चैत १३ गते पर्ने राम नवमीका दिन शोभायात्रा तथा बाइक ऱ्याली जस्ता कार्यक्रम नगर्न/नगराउन निर्देशन दिएको जनाएको छ ।

यता राष्ट्रिय एकता दल धनुषाले प्रशासनको सो निर्णयप्रति आपत्ति जनाउँदै अस्वीकार गर्ने जनाएको छ । दलका प्रदेश इन्चार्ज मनिष पुर्वेले जारी गरेको प्रेस विज्ञप्तिमा नेपालको संविधानले दिएको धार्मिक स्वतन्त्रताको अधिकारमाथि हस्तक्षेप भएको भन्दै असंवैधानिक र पक्षपातपूर्ण निर्णय भएको उल्लेख जनाएको छ ।

उक्त विज्ञप्तिमा रामनवमीको शोभायात्रा तथा धार्मिक कार्यक्रमहरू शान्तिपूर्ण रूपमा आयोजना गरिने स्पष्ट पार्दै प्रशासनको निर्णयले धार्मिक अधिकार खोस्न नसक्ने चेतावनी दिएको छ ।

यता धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले धार्मिक यात्राका नाममा धार्मिक सद्भाव बिगार्ने योजना रहेकाले शान्ति सुरक्षालाई मध्यनजर गर्दै रोक लगाएको दाबी गरे ।

उनले धार्मिक संघसंगठनले शुक्रबार हुने रामनवमी दिवसको अवसर पारेर केही उच्छृंखल गतिविधि हुने सूचना आएपछि सार्वजनिक रुपमा हुने धार्मिक यात्रामाथि रोक लगाएको बताए ।

### प्रधानमन्त्रीको शपथ ग्रहण आज

## संसदीय दलको नेता बालेन, मन्त्रिपरिषद्समेत विस्तार हुने दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को संसदीय दलको नेतामा बालेन्द्र साह (बालेन) चयन भएसंगै उनी देशको कार्यकारी प्रमुख (प्रधानमन्त्री) बन्ने संवैधानिक दौडमा अगाडि देखिएका छन् । नेपालको संविधानको धारा ७६ (१) को व्यवस्था अनुसार बहुमत प्राप्त संसदीय दलको नेता प्रधानमन्त्री नियुक्त हुने बालेनको बाटो खुलेको छ ।

यस अघि संसदीय दलको बैठकबाट बालेनलाई संसदीय दलको नेता चयन गर्ने निर्णय गरेको थियो। सो बैठकमा रास्वपा सभापति रवि लामिछानेले संसदीय दलको नेता चयनका लागि प्रस्ताव गरेपछि सर्वसम्मत रुपमै उनी चयन भएका थिए ।

बालेनले प्रधानमन्त्रीको शपथ ग्रहण शुक्रबार दिउँसो १२ बजेर ३४ मिनेटमा लिने छन् । यससंगै उनको नेतृत्वको सरकार गठन हुने छ । त्यसपछि हुने पहिलो क्याबिनेटबाट सार्वजनिक सेवा प्रवाहमा ऐतिहासिक निर्णयको तयारी थालिएको स्रोतको दाबी छ ।

शुक्रबार प्रधानमन्त्रीको शपथ लिने तयारी गरेका बालेनले मन्त्रिपरिषद्को पहिलो बैठकबाटै सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही ऐतिहासिक निर्णय गर्ने तयारी गरेका छन् ।

मन्त्रिपरिषद्को पहिलो बैठकबाट गर्ने निर्णय सम्बन्धमा मुख्यसचिव सुमनराज अर्याल र बालेनको टीमका सदस्यहरूबीच बिहीबार छलफल भएको छ ।

जनताले प्रत्यक्ष अनुभूति गर्ने खालका निर्णयहरू मन्त्रिपरिषद्को पहिलो बैठकबाट गर्ने आन्तरिक तयारी रहेको बुझिएको छ । प्रधानमन्त्रीको शपथ लिए लगत्तै बालेनले शुक्रबार नै मन्त्रिपरिषद् विस्तार गर्ने एवं सम्भव भए शुक्रबार नै मन्त्रिपरिषद्को बैठक डाकेर सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही महत्वपूर्ण निर्णय गर्ने तयारी रहेको स्रोतले दाबी गरेको छ ।

शिक्षा, स्वास्थ्य, रोजगारी र खानेपानीलगायत जनतासंग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रमा महत्वपूर्ण घोषणा हुने भएको छ ।

सर्वसाधारणको प्रत्यक्ष सम्पर्क रहने सरकारी अस्पताल, यातायात कार्यालय, पासपोर्ट र राष्ट्रिय परिचपयत्र लिने काम झञ्झटमुक्त बनाउने लगायत कार्यक्रम घोषणा हुने आँकलन गरिएको छ ।

भदौ २३ र २४ को जेन- जी आन्दोलनपछि गठन भएको सार्वजनिक प्रशासन रूपान्तरण अभियान २०८२ ले अगाडि सारेका सुधारको खाकालाई समेट्ने गरी ऐतिहासिक घोषणा हुने जनाइएको छ ।



त्यस्तै प्रशासनिक सुधारको प्रारम्भ मन्त्रालयको संख्या घटाउने, काम नभएका सरकारी कार्यालय खारेजी गरीगाभ्नेजस्ता कामबाट शुरू हुने स्रोतले दाबी गरेको छ ।

कर्मचारीतन्त्रको राजनीतिकरणमार्फत भ्रष्टाचार र कुशासन बढाएको भन्दै दलीय ट्रेड युनियन खारेजी पनि सुधारको सूचीमा समावेश भएको स्रोतले बताए ।

दलीय ट्रेड युनियन खारेज गरेर जेन- जी आन्दोलनपछि उदाएको सार्वजनिक प्रशासन रूपान्तरण अभियानलाई नै कर्मचारीको ट्रेड युनियन बनाउन लागिएको चर्चा कर्मचारीमाझ चलेको छ ।

अभियानका संयोजक गणेश घिमिरेलेकर्मचारीप्रशासन जनमुखी हुनुपर्छ र नागरिकले समयमै नतिजा पाउनुपर्छ भन्ने आफूहरूको एजेन्डा रहेको जानकारी दिए ।

सार्वजनिक प्रशासन रूपान्तर अभियानलाई नै ट्रेड युनियन बनाउने भन्ने गलत अफवाहबारे समयले जवाफ दिने घिमिरेले बताए ।

कर्मचारीको युनियन नभए पनि अभियानको तर्फबाट नयाँ बन्ने सरकारलाई पूर्ण सहयोग रहने उनले बताए ।

बालेन नेतृत्वको मन्त्रिपरिषद्ले मितव्ययिता कायम गर्नका लागि मन्त्रालयको संख्या घटाउने तयारी गरेको छ ।

यता बालेनले शुक्रबार प्रधानमन्त्रीको शपथ ग्रहण गरेसंगै मन्त्रीको पनि शपथ ग्रहण गराउने योजना रहेको छ । तर क-कसलाई मन्त्री बनाउने विषयमा रास्वपा अध्यक्ष रवि लामिछाने र पार्टी वरिष्ठ नेता बालेनबीच गोप्य रुपमा मन्त्रीको नामवली मध्यरातसम्म तयारी भएको बुझिएको छ । मन्त्रीहरुको नाम शुक्रबार नै सार्वजनिक गरिने उनीहरुबीच सहमति भएको स्रोतको दाबी छ ।

रास्वपाले सभामुखलगायत संसदीय पदाधिकारी चयन गर्ने अधिकार पार्टी नेतृत्व र पदाधिकारीहरुलाई दिने निर्णय गरेको छ ।

बिहीबार बसेको पार्टीको संसदीय दलको बैठकबाट सभामुख, उपसभामुख, मन्त्रीहरु, पार्टीको प्रमुख सचेतक, सचेतकलगायत छनोटका लागि सर्वसम्मतिले उक्त निर्णय गरेको पार्टीका केन्द्रीय सदस्य निशा डाँगीले जानकारी दिइन् ।

EXCEL YOUR CAREER AT SURYAJYOTI

SuryaJyoti is one of the largest life insurers in terms of capital base, investments, life fund, number of branches, agency network and policyholders. We are seeking career oriented and highly motivated individuals to be part of the team for following roles:

**BRANCH MANAGER**

| Vacant Branches | Education Qualification | Experience | Age Limit | Required Skills |
|---|---|---|---|---|
| **Madhesh Province** Nijgadh<br>**Bagmati Province** Bhaisepati | A minimum of a Bachelor's degree is required; candidates holding a Master's degree in Management/Business Studies from a recognized university will be given preference | Minimum 3 years of experience in the Insurance, Banking and Finance sector | Up to 40 years | • Sales & Marketing<br>• Effective Communication<br>• Leadership<br>• Knowledge of Life Insurance Products |

**Key Responsibilities:**
- Recruit, train and mobilize insurance agents to meet business target
- Ensure prompt and excellent service to agents and policyholders
- Build and manage a high-performing team of insurance agents
- Oversee all branch operations for smooth functioning of Branch
- Contribute to the overall success and brand reputation of the branch
- Display highest standard of professionalism and maintain company standards with a positive attitude

**TRAINEE ASSISTANT**

| Vacant Branches | Education Qualification | Age Limit | Required Skills |
|---|---|---|---|
| **Koshi Province** Biratchowk<br>**Lumbini Province** Bhairahawa | Minimum Intermediate or 10+2 passed however preference shall be given to Bachelors passed in Management/Business Studies from the recognized university | Up to 35 Years | • Knowledge of Microsoft Word, Excel and Email communications. Fluent typing skill in Nepali and English<br>• Basic knowledge of general accounting<br>• Excellent communication and interpersonal skills<br>• Knowledge of Life Insurance and related Product |

**Key Responsibilities:**
- Carry out data entry and oversee underwriting process during customer on boarding
- Provide prompt service to agents and policy holders
- Coordinates with various departments at Head Office for smooth branch operations
- Provide support with various agent related activities
- Display highest standard of professionalism and maintain company standards with a positive attitude

**Salary and Benefits:**
- Competitive salary and benefits package
- Opportunity to work in a dynamic and growing industry
- Continuous learning and development opportunities
- Positive and supportive work environment

**Important Information to the Applicant:**
- Last date for application is 17:00 hours, April 3, 2026
- Application must be submitted via given digital process only
- Only shortlisted candidates will be contacted for further selection process
- Company reserves the right to cancel the vacancy process or reject any/all applications at its own discretion

Scan QR Code
Visit the offittcial website at https://suryajyotilife.com/vacancy

www.suryajyotilife.com
SuryaJyoti जीवनको लागि

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरु




सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरु

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
- आँखाको गेडी दुख्नु
- बेस्सरी टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरु देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।

घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।

( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौ र लामखुट्टेको फुल नष्ट गरौ ।

लक्ष्मीनियाँ गाउँपालिका
लक्ष्मीनियाँ बजार, धनुषा, मधेश प्रदेश

# तीन दिनदेखि व्यवसायी बेपता




**टुडे समाचारदाता**

लहान । सिरहा गोलबजारका एक स्थानीय व्यवसायी तीन दिनदेखि बेपत्ता रहेका छन् । गोलबजार नगरपालिका ४ निवासी रामनारायण साह मंगलबार बिहान घरबाट लहान जान्छु भन्दै निस्किएपछि सम्पर्कविहीन बनेको बुझिएको छ ।

घरबाट निस्किएपछि करिब दिउँसो १ बजे उनले छोरीलाई फोन गरी मोबाइलमा एक सय रुपैयाँ रिचार्ज हाल्न आग्रह गरेका थिए । त्यसको केही समयपछि उनको मोबाइल बन्द भएको र त्यसयता कुनै सम्पर्क नभएको पारिवारिक सदस्यले प्रहरीलाई जनाएको छ ।

साह गोलबजारस्थित जेम्स स्कुलका संस्थापक तथा प्रिन्सिपल हुनुका साथै 'नेहा मनी ट्रान्सफर'का सञ्चालक समेत हुन् । नियमित रूपमा मोटरसाइकल प्रयोग गर्ने उनी सो दिन भने बसमार्फत लहानतर्फ गएको जानकारी परिवारले दिएको छ ।

घटनाबारे इलाका प्रहरी कार्यालय गोलबजारमा उनकी जेठी छोरी नेहाकुमारी साहले खोजतलासका लागि निवेदन दिएकी छन् । प्रहरी निरीक्षक सुदन केसीका अनुसार निवेदन प्राप्त भएसँगै खोजी कार्य तीव्र पारिएको छ ।

प्रहरीका अनुसार बुधबार उनको मोबाइलको अन्तिम लोकेशन खजुरी क्षेत्रमा देखिएको छ । यसले घटनालाई थप रहस्यमय बनाएको छ । परिवारले भने व्यवसायिक लेनदेनसँग सम्बन्धित विवाद हुन सक्ने आशंका व्यक्त गरेको छ । छोरी नेहा साहका अनुसार पछिल्लो समय उनका बुबा फोनमा कसैसँग चर्को स्वरमा कुरा गर्ने गरेको सुन्ने गरिएको थियो ।

उनले भनिन्, 'मनी ट्रान्सफरको रकम सम्बन्धी विवाद भइरहेको जस्तो सुनिएको थियो । तर, को सँग र किन भएको भन्ने बारे स्पष्ट छैन । बुबाले आफैं मिलाउँदै आउनुहुन्थ्यो ।'

यसैबीच, घटना भएको दिन दुई जना हिन्दी भाषामा बोल्ने युवकहरू विद्यालयमा आएर साहको फोन नम्बर लिएर गएको र त्यसपछि धम्कीपूर्ण फोनहरू आएको परिवारको दाबी छ । परिवारले आफन्त तथा चिनेजानेका सबै ठाउँमा खोजतलाश गरिसकिएको जनाएको छ । उता जिल्ला प्रहरी कार्यालय सिरहाले घटनाको विभिन्न कोणबाट अनुसन्धान अघि बढाइसकिएको जनाएको छ ।

# सुनियोजित रुपमा मुद्दा दायर गरिएको आरोप




**टुडे समाचारदाता**

मलंगवा । नेपाली कांग्रेस सर्लाहीले फागुन २१ सम्पन्न निर्वाचनपछि आफ्ना नेता, कार्यकर्तामाथि सुनियोजित किसिमले मुद्दा दायर थालिएको आरोप लगाएका छन् ।

कांग्रेस सर्लाहीले बिहीवार मलंगवामा पत्रकार सम्मेलन गरी गत वर्ष नै बसबरियामा भएको एक सामान्य विवादको घटनालाई लिएर निवर्तमान जिल्ला सभापति सुरेन्द्रप्रसाद सिंह, नेता गजेन्द्र साहलगायतमाथि मुद्दा लगाइएको आरोप लगाउँदै आपत्ति जनाएको हो ।

प्रहरी कार्यालयमा सहमति भइसकेको विषयलाई अहिले राजनीतिक पूर्वाग्रह राखेर मुद्दा दायर गरी कांग्रेस नेता, कार्यकर्तामाथि अन्याय गरिएको कांग्रेस सर्लाहीका कार्यवाहक सभापति डा. सरोजकुमारले बताए ।

निर्वाचनपछि बदनियतपूर्ण फसाउने किसिमले प्रहरी कार्यालय हुँदै सर्लाही जिल्ला अदालतसम्म मुद्दा पुगेपछि कांग्रेस सर्लाहीले प्रेस विज्ञप्तीसमेत निकालेर भर्त्सना गरेको छ ।

कांग्रेस मधेश प्रदेशका उपसभापति वीरेन्द्रप्रसाद सिंहले सम्वन्धित निकायले आफ्नो भुल अविलम्ब नसच्याए कडा प्रतिवादमा उत्रने पत्रकार सम्मेलनमा चेतावनी दिएका छन् ।

# 'स्वास्थ्य क्षेत्रको विकासको लागि सरकार प्रतिबद्ध'



रौतहट । मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले स्वास्थ्य क्षेत्रको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

रौतहटको चन्द्रपुर नगरपालिका-५ स्थित चन्द्रनिगाहपुर अस्पतालको अनुगमन गर्नुहुँदै मुख्यमन्त्री यादवले अस्पतालमा बिरामीको चाप अत्यधिक बढदै गएको अवस्थामा आमनागरिकले सरकारी स्वास्थ्य संस्थाबाट पाउनुपर्ने सुविधा सहज रुपमा प्रदान गर्न प्रदेश सरकार काम गरिरहेको बताउनुभयो ।

चन्द्रनिगाहपुर अस्पतालमा बिरामीको सहज उपचार गर्न आवश्यक उपकरण, जनशक्ति र भौतिक पूर्वाधारको विकासका लागि आफूले सहयोग गर्ने मुख्यमन्त्री यादवले प्रतिबद्धता जनाउनुभयो । अनुगमनको क्रममा अस्पतालमा एम्बुलेस, शव भवन, थप प्राविधिकसहितको जनशक्ति आवश्यक परेको देखिएको उहाँले बताउनुभयो ।

चन्द्रपुर नगरपालिकाका नगरप्रमुख सञ्जयकुमार काफ्लेले बढ्दो सहरीकरण तथा बजारीकरणले गर्दा अस्पतालमा बिरामीको चाप बढिरहेको अवस्थामा अस्पतालको स्तरउन्नतिका लागि सहयोग गर्न मुख्यमन्त्री यादवलाई आग्रह गर्नुभयो । नगरप्रमुख काफ्लेले केही वर्षभित्र नै निर्माण कार्य सकिने गरी सुविधा सम्पन्न भवन निर्माण कार्य भइरहेको जानकारी दिनुभयो । अस्पताल व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका नगरप्रमुख काफ्लेले अस्पतालमा ट्रमा सेन्टर चाँडो सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

अस्पतालका मेसु डा अभिनन्दन श्रीवास्तवले प्राविधिक जनशक्ति, उपकरण र भौतिक पूर्वाधारको अभावका बिरामीको उपचारमा कठिनाइ भएको बताउनुभयो । १५ शैय्याको उक्त चन्द्रनिगाहपुर अस्पतालमा वार्षिक ५० हजार बिरामी आउने गरेको डा श्रीवास्तवले जानकारी दिनुभयो । रासस

# जेनजी आन्दोलनको क्रममा वीरगञ्जमा सेनाको ढिलासुस्तीले क्षति

**टुडे समाचारदाता**

वीरगञ्ज । जेन जी आन्दोलनको क्रममा वीरगञ्जमा भएको तोडफोड र आगजनीको मुख्य जिम्मेवारी नेपाली सेनाको ढिलासुस्ती रहेको प्रधानमन्त्री सुशील कार्की नेतृत्वको सरकारले गठन गरेको पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको जाँचबुझ आयोगले सार्वजनिक गरेको प्रतिवेदनले देखाएको छ ।

स्थानीय प्रशासनले नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई मात्र पर्याप्त नभएको भन्दै सेनालाई तत्काल परिचालन गर्न आग्रह गरे पनि सेनाले 'केन्द्रीय निर्देशन' कुरेर बसेको र प्रहरी-सशस्त्रलाई कुनै सहयोग नगर्दा वीरगञ्ज बजारमा ठुलो मानवीय तथा भौतिक क्षति भएको प्रतिवेदनले भनिएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले आयोगलाई बुझाएको विस्तृत विवरणमा भदौ २३ गते साँझ ६-७ बजेदेखि घण्टाघर क्षेत्रमा भीड अदालत, राष्ट्रपति कार्यालयलगायत स्थानमा भएको आगजनीको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि वीरगञ्जमा भीड अझ उत्तेजित भएको थियो । घण्टाघर नजिकको प्रहरी बिट, नेपाल टेलिकम कार्यालय, यातायात व्यवस्था कार्यालय, आन्तरिक राजस्व कार्यालय, उच्च अदालतको इजलास, वडा कार्यालयहरू र वीरगञ्ज महानगरपालिका कार्यालयमा तोडफोड र आगजनी भएको थियो ।

पूर्व मन्त्री प्रदीप यादव, अजय चौरसिया, राजकुमार गुप्ता, लालबाबु राउत, अनिल रुगंटा, महानगर प्रमुख राजेशमान सिंहलगायतका व्यक्तिगत घर र सवारी साधनमा समेत आक्रमण भएको थियो संविधानसभा सदस्य अनिल रुगंटाको घरमा आगजनी हुँदा कामदार शिलादेवी दुसाध घाइते भइन् र उपचारका क्रममा काठमाडौँमा उनको मृत्यु भएको सुवेदीले आयोगलाई बताएका छन् ।




उत्तेजित बन्दै ट्राफिक डिभाइडर तोडफोड र आगजनी गर्न थालेपछि सुरक्षा निकायले सम्झाइबुझाइ गर्दा पनि स्थिति नियन्त्रण गर्न नसकिएको सुवेदीले बताएका छन् । राति ९ बजेदेखि भोलिपल्ट बिहान ९ बजेसम्म कर्फ्यु लागू गरिए पनि भीड नथामिएको उनले आयोगलाई बताएका छन् ।

सुवेदीका अनुसार भदौ २४ गते दिउँसो १-२ बजेतिर काठमाडौँमा सिंहदरबार, सर्वोच्च

त्यस्तै उनले नेपाल टेलिकमको भुइँ तल्ला पूर्ण रूपमा क्षतिग्रस्त भएको, ६ वटा सवारी साधन जलेर नष्ट भएको, अदालत र यातायात कार्यालयमा तोडफोड भएको बताउँदै कारागार र बाल सुधार गृहबाट केही बाल कैदीहरू समेत भएको आयोगलाई जानकारी दिएका छन् ।

"नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट मात्र शान्ति कायम गर्न असम्भव भइसकेको थियो ।रासस

## चुलोचौकोदेखि क्याम्पससम्मः

# बदलिँदै शिशुवारीका छोरी-बुहारीहरूको संसार

सप्तरी । सप्तरीको सुरुङ्गा नगरपालिका–१ की सुमित्रा राउत ९ कक्षा पढ्दै गर्दा विवाह भयो । थप पढ्ने रहर त थियो, तर विवाहपछि उहाँको जीवनको लय मोडियो । राउतले करिब १० वर्षसम्म चुलोचौको, खेतीपाती र पारिवारिक जिम्मेवारीमै बित्यो ।

योबीचमा जिम्मेवारीले पढ्ने रहर ओझेलमा पर्‍यो, तर त्यो रहर अन्त्य भइसकेको थिएन । उहाँले फेरि अध्ययन सुरु गर्नुभयो र २०६७ सालमा एसएलसी उत्तीर्ण गर्नुभयो । राउतको औपचारिक अध्ययनको यात्रा त्यत्तिमा रोकिएन, घर नजिकै शिशुवारी क्याम्पस खुलेपछि उहाँले 'प्लस टू' मात्र होइन, गत वर्ष स्नातक (बिएड) समेत उत्तीर्ण गर्नुभएको छ ।

"योबीचमा मैले विभिन्न गैरसरकारी सङ्घसंस्थामा काम गरेँ, यस क्रममा औपचारिक शिक्षाको महत्त्व बुझेँ । पढाइमा तल्लो तहमा हुँदा धेरै अवसरबाट वञ्चित भएको महसुस हुन्थ्यो । बाहिर गएर पढ्ने सम्भावना थिएन, तर घर नजिकै क्याम्पस खुलेपछि पढ्न सहज भयो", राउतले खुसी व्यक्त गर्दै अगाडि भन्नुभयो, "अब यही स्नातकोत्तर पनि सञ्चालन भएमा पढाइलाई अझ अगाडि बढाउने चाहना छ । चाँडै त्यो सपना गर्ने अपेक्षामा छु ।"

यस्तै, कथा डिकुरा पोखरेलको पनि छ । १५ वर्षअघि उदयपुरको गाईघाटस्थित त्रियुगा क्याम्पसबाट १२ कक्षाको अन्तिम परीक्षामा उहाँलाई एउटा विषय लाग्यो । त्यहीबीचमा विवाह भयो र पढाइ रोकियो । पछि सुरुङ्गास्थित घर नजिकै शिशुवारी क्याम्पस खुलेपछि पोखरेलले पुनः १२ कक्षा उत्तीर्ण गरी नेपाली विषयमा स्नातक गर्नुभयो र हाल स्नातकोत्तर सकेर अध्यापन गराइरहनुभएको छ ।

सुमित्रा र डिकुरा त प्रतिनिधि पात्र मात्र हुन् । गाउँमै क्याम्पस स्थापना भएपछि उहाँहरूजस्तै सयौँ छोरी-बुहारीले यहाँ आफ्ना अधुरा सपनालाई पुनः पूरा गर्ने अवसर पाएका छन् । सप्तरीको उत्तर-पश्चिमी सीमान्त गाउँ शिशुवारीमा अवस्थित यो क्याम्पस स्थानीयको पसिना र चन्दाबाट ठडिएको हो । विसं २०६९ साउन १५ गते त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन पाएको यस क्याम्पसले उच्च शिक्षाको ढोका खोलिदिएको छ । हाल यहाँका ३०० भन्दा बढी बुहारीहरू स्नातक उत्तीर्ण भई कोही निजामती सेवा त कोही शिक्षण पेसामा प्रवेश गरेर आफ्नो संसार आफैं बदल्न सफल भएका छन् ।



क्याम्पस प्रमुख कृष्णप्रसाद तिम्सिनाका अनुसार यहाँ सप्तरीका मात्र होइन, छिमेकी जिल्ला सिरहा, उदयपुर, खोटाङ, सुनसरी र मोरङसम्मका छात्राहरू लाभान्वित भइरहेका छन् । "यहाँको गाउँले वातावरण, न्यून शुल्क र सुरक्षित वातावरणले गर्दा बुहारीहरूका लागि यो क्याम्पस माइतीको घरजस्तै बनेको छ", उहाँ भन्नुहुन्छ ।

क्याम्पस प्रमुख तिम्सिनाका अनुसार आर्थिक रूपमा कमजोर परिवारका लागि वार्षिक रु १४ हजार मात्र शुल्क निर्धारण गरिएकाले यो क्याम्पस अन्य सामुदायिक क्याम्पसभन्दा करिब ३० प्रतिशत सस्तो र सहज पहुँचयोग्य बनेको छ । साथै, अतिविपन्न विद्यार्थीलाई निःशुल्क भर्ना गर्ने व्यवस्था पनि गरिएको छ । क्याम्पसको यो गुणस्तरीय र सुलभ शिक्षाले धेरैको जीवनमा व्यावसायिक परिवर्तन ल्याएको छ ।

उदयपुरको मुर्कुचीबाट विवाह गरी आएकी टुना माया मगरले यहीबाट स्नातक गरी शिक्षक सेवा आयोग उत्तीर्ण गर्नुभएको छ । हाल उहाँ जनप्रभावत मावि दौलतपुरमा स्थायी शिक्षिका हुनुहुन्छ । यस्तै, दुई वर्षअघि यही अध्ययन गर्नुभएकी मनिशा विकले पनि शिक्षक सेवा उत्तीर्ण गरेर राष्ट्रिय प्राविमा अध्यापन गराइरहनुभएको छ ।

यस्तै, कथा छ प्रेमा थापामगरको पनि । उहाँले शिशुवारी क्याम्पसमा प्लस टू अध्ययन गरे पनि त्यतिबेला क्याम्पसमा स्नातक तह सञ्चालन नभएकाले लहानस्थित जेएस मुरारका बहुमुखी क्याम्पसबाट स्नातक गर्नुभयो । "त्यतिबेला यहाँ स्नातक तहको अध्ययन हुन्थेन, त्यसैले बाहिर बसेर पढ्नुपर्‍यो । हाल भने धेरै दिदीबहिनीहरूले गाउँमै पढ्न पाएका छन्, त्यो देख्दा खुसी लाग्छ," उहाँले भन्नुभयो, "हाल शिशुवारीमा स्नातक नगर्ने कुनै घर छैन, यो यस क्याम्पसको गौरव हो ।"

लहान माइती भएकी करिनाकुमारी महतोले गत वर्ष बिहे गरेर शिशुवारी आएपछि पनि अध्ययनलाई छोड्नुभएन । हाल कक्षा १२ मा अध्ययनरत उहाँलाई वैदेशिक रोजगारीका लागि साउदी अरबमा रहेका श्रीमान् कृष्ण महतोले उत्तिकै हौसला दिइरहनुभएको छ । "खेतीपाती र पशुपालन गर्ने बुबाआमाले बाहिर राखेर पढाउन सक्ने अवस्था थिएन । हाल घरको काम भ्याएर पनि पढ्न पाएकी छु, घरपरिवार सबै खुसी हुनुहुन्छ", महतोले भन्नुभयो ।

शिशुवारी क्याम्पसले सुरुङ्गाका छोरी-बुहारीहरूका लागि केवल 'डिग्री' मात्र बाँडेको छैन, एउटा आत्मविश्वास र आत्मनिर्भरताको बाटो पनि कोरिदिएको छ । पारिवारिक उल्झन र आर्थिक अभावका कारण बीचैमा पढाइ छाडेर गृहिणीमा सीमित भएकाहरू हाल उच्च शिक्षा हासिल गर्ने सपना देखिरहेका छन् ।

**मट्ठीदानबाट ठडिएको 'ज्ञानको मन्दिर'**

यो परिवर्तनको कथा त्यतिबेला सुरु भयो, जब गाउँमा 'ज्ञानको मन्दिर' ठड्याउन स्थानीयले मुट्ठीदान सुरु गरे । लहानका गणपतलाल सारडाले २१ कट्ठा जग्गा दान गरेपछि सुरु भएको यो अभियानमा स्थानीय नारायणप्रसाद पराजुलीले रु तीन लाख बराबरको जग्गा थप्नुभयो । अन्य गाउँलेले गच्छेअनुसार रु १० हजारदेखि रु ५१ हजारसम्म नगद सहयोग गरे ।

क्याम्पसका लेखापाल ज्ञानेन्द्र धमलाका अनुसार १४ वर्षको अवधिमा स्थानीयबाट मात्र रु १७ लाखभन्दा बढी नगद सहयोग जुटेपछि विद्यालयको विकासमा सहयोग पुगेको हो । 'स्थानीयको अपनत्व' का कारण क्याम्पसले स्थानीयस्तरमा गुणस्तरीय शिक्षा दिन सहज भएको उहाँको भनाइ छ ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष एवं सुरुङ्गा-१ का वडाध्यक्ष छत्रबहादुर राउत (राजकुमार) क्याम्पसले विभिन्न बाधा झेलेर पनि स्थानीयमा शिक्षाको ज्योति बाल्न योगदान गरिरहेको बताउनुहुन्छ । "मैले जिम्मेवारी लिँदा भवन जीर्ण थियो, शिक्षकहरूको तलब झन्डै दुई लाख बक्यौता थियो र जम्मा १० जना विद्यार्थी मात्र थिए", उहाँ विगत कोट्याउनुहुन्छ,"तर हार नखाई चलाइएको घरदैलो अभियानले ५२ जना छोरी-बुहारीलाई क्याम्पस भर्ना गरायो । शिक्षकहरूले महिनौँसम्म तलब नपाउँदा पनि कक्षा रोकेनन्, जसको नतिजास्वरूप आज यो क्याम्पस कोशी प्रदेशमै बिएडतर्फको नतिजामा पहिलो हुन सफल भएको छ ।" राउतको यो तेस्रो कार्यकाल हो ।

यही क्याम्पसको स्नातक पहिलो ब्याचका विद्यार्थी एवं हाल सञ्चालक समिति सदस्य काशि कार्कीका अनुसार यहाँ पढेका कैयौँ विद्यार्थीहरू नेपाल सरकारको निजामती सेवामा प्रवेश गरेर राष्ट्र सेवामा जुटिसकेका छन् । कुनै समय सामान्य लेखपढ मात्र भएको यो गाउँमा हाल प्रायः हरेक घरमा कम्तीमा एकजना स्नातक उत्तीर्ण छोरी वा बुहारी भेटिन्छन् । "यो अभियानको सबैभन्दा ठूलो सफलता हो । हाल तराई मधेस समृद्धि कार्यक्रममार्फत बनेको पक्की भवनमा कक्षा सञ्चालन भइरहेको छ भने भारतीय दूतावासको रु पाँच करोड लागतमा निर्माणाधीन तीनतले अत्याधुनिक भवन आगामी वैशाखमा उद्घाटन गर्ने तयारी छ । यी पूर्वाधार बनेमा थप सहज हुनेछ", उहाँले भन्नुभयो ।

त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बिएड र प्लस टूतर्फ शिक्षा र व्यवस्थापन सङ्कायको अध्ययन अध्यापन भइरहेको यस क्याम्पसले विद्यार्थीलाई कम्प्युटरको आधार भूत सीप र शिक्षक सेवा आयोगको तयारी कक्षासमेत निःशुल्क उपलब्ध गराउँदै आएको छ । क्याम्पस प्रमुख तिम्सिनाका अनुसार हाल यहाँ प्लस टूतर्फ २०० र स्नातकतर्फ २२५ जना विद्यार्थी अध्ययनरत छन्, जसमा छोरी-बुहारीहरूको बाहुल्यता छ ।

स्थानीयको चन्दा र गाँस काटेर गरिएको सहयोगबाट सञ्चालित यस क्याम्पसले विपन्न परिवारका छोरी-बुहारीहरूका लागि वास्तवमै अँध्यारोमा एउटा उज्यालो दियोको काम गरिरहेको छ । चुलोचौकोको धुवाँबाट निस्किएर उच्च शिक्षासम्म पुग्ने यहाँका छोरी–बुहारीहरूको यात्राले शिशुवारीलाई केवल एउटा शैक्षिक संस्था मात्र होइन, सामाजिक परिवर्तनको एउटा बलियो केन्द्र बनाएको छ ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज तपाईभित्र ऊर्जा र जोश भरिएको महसुस हुनेछ । |
| वृष : | आजको दिन आर्थिक हिसाबले सकारात्मक देखिन्छ । |
| मिथुन : | आज तपाईको बोली र व्यवहार नै तपाईको सबैभन्दा ठुलो शक्ति हुनेछ । |
| कर्कट : | आज मन अलि अस्थिर हुन सक्छ । |
| सिंह : | आज तपाईको व्यक्तित्व चम्किनेछ । कार्यक्षेत्रमा सम्मान र प्रशंसा पाइनेछ । |
| कन्या : | आजको दिन योजना बनाउने र भविष्यको तयारी गर्ने दिन हो । |
| तुला : | आज आर्थिक लेनदेन गर्दा विशेष सावधानी अपनाउनुहोस् । |
| वृश्चिक : | आज पुराना समस्या समाधान हुने संकेत देखिन्छ । |
| धनु : | आज कामको चाप बढ्न सक्छ, तर तपाईले धैर्य राख्नुभयो भने राम्रो परिणाम आउनेछ। |
| मकर : | आज धैर्य र संयम आवश्यक पर्ने दिन हो । |
| कुम्भ: | आज नयाँ सोच र आइडियाले तपाईलाई अगाडि बढाउनेछ । |
| मीन: | आज भावनात्मक रुपमा अलि संवेदनशील हुन सक्नुहुन्छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## कर्मचारी सञ्चय कोषको डिजिटल सेवा विस्तारमा महत्वपूर्ण पहल

काठमाण्डु । कर्मचारी सञ्चय कोष र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबीच राष्ट्रिय परिचय व्यवस्थापन प्रणालीको विद्युतीय सेवा प्रयोग गर्नेसम्बन्धी सम्झौता भएको छ ।

कर्मचारी सञ्चय कोषको सेवा प्रवाहलाई थप सहज, प्रभावकारी र प्रविधिमैत्री बनाउने उद्देश्यले कोष र विभागबीच आज सम्झौता भएको हो ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरे र कर्मचारी सञ्चय कोषका प्रशासक जितेन्द्र धितालले आज काठमाडौंमा सोसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो ।

सम्झौताबाट कोषमा आबद्ध हुने र आबद्ध भइसकेका सञ्चयकर्तालाई नयाँ परिचयपत्र जारी गर्दा पहिचानको प्रमाणीकरण राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीमार्फत हुने सुनिश्चित भएको छ । यसबाट प्रमाणीकरण पहिचानका लागि सञ्चयकर्ता कोषमा भौतिक रूपमा उपस्थित हुनुपर्ने झन्झट अन्त्य भएको छ ।

यसैगरी, कोषको सेवा प्रणालीलाई पूर्ण रूपमा डिजिटल माध्यममा रूपान्तरण गर्न र सञ्चयकर्ता प्रमाणीकरणसम्बन्धी सेवालाई थप छिटो, सहज, भरपर्दो तथा विश्वसनीय बनाउन सम्झौताबाट महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । साथै, सञ्चयकर्तालाई सेवा प्राप्त गर्दा लाग्ने समयको बचत हुनुका साथै प्रमाणीकरण सेवा प्रक्रियालाई थप पारदर्शी तथा विश्वनीय बनाई सञ्चयकर्ताको कोषसँगको कारोबार थप सुरक्षित हुने विश्वास गरिएको छ ।

कार्यक्रममा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरेले कर्मचारी सञ्चय कोषसँगको सम्झौताबाट आधुनिक प्रविधिको उपयोगमार्फत सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन, नागरिकमैत्री शासन प्रणाली निर्माणमा योगदान पुर्‍याउन र डिजिटल नेपाल अभियानमा टेवा पुर्‍याउन योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कर्मचारी सञ्चय कोषका प्रशासक जितेन्द्र धितालले सूचना प्रणालीको एकीकरणबाट सरकारी तथा सार्वजनिक क्षेत्रका निकायबीच समन्वय तथा साझेदारी बढाउने छ । रासस

# बोल्दै नबोल्ने र्‍यापर बालेन साहको प्रधानमन्त्री यात्रा



टुडे समाचारदाता

जनकपुरधाम । अहिले प्रायः हरेक नेपालीले लिने नाम हो, बालेन्द्र साह उर्फ बालेन । काठमाण्डु महानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित भएका बालेन शुक्रबार देशको शक्तिशाली प्रधानमन्त्री बन्दैछन् ।

जोखिम मोलेर अघि बढ्न सक्ने क्षमताका धनी बालेनले नेपालमा राजनीति गर्ने दलहरूमध्ये सबैभन्दा बलियो संगठन नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको निर्वाचन क्षेत्रमा गएर पनि सानदार मतसहित जीत हासिल गरेका थिए ।

विगतमा लामो राजनीतिक अनुभव भएका महानगरपालिकाका मेयरका उम्मेदवार केशव स्थापित र सिर्जनसिंहलाई हराउँदै बालेनले ठूलो तहल्का मच्चाएका थिए। उनले ४९ हजार ६ सय १४ मतको अन्तरले ओलीलाई पछि पार्दै संसदीय यात्रा तय गरे । उनको बाटो प्रधानमन्त्रीको छ । कुल १ लाख ६ हजार ३७२ मत खसेकोमा बालेनले ६८ हजार ३४८ मत पाएका थिए ।

बालेन समकालीन नेपाली राजनीतिमा उदाएका एक लोकप्रिय र फरक पहिचान बनाएका व्यक्तिका रूपमा परिचित छन् । इन्जिनियरिङ पृष्ठभूमिबाट आएका उनले सामाजिक सञ्जाल र सांगीतिक क्षेत्रमा 'बालेन' नामले मात्र नभइ युवामाझ विशेष प्रभाव जमाउँदै देशको कार्यकारी नेतृत्वमा पुग्ने आधार तयार पारेका छन्। पारदर्शिता, सुशासन र शहरी सुधारका एजेन्डालाई प्राथमिकतामा राख्दै उनले नयाँ शैलीको नेतृत्व प्रस्तुत गरेका छन् ।

कम बोल्ने स्वभाव भएका बालेन आफैंले औपचारिक कार्यक्रममा प्रायः भन्छन्, "म बोल्ने होइन, काम गर्ने व्यक्ति हुँ ।"

### बालेनको परिवार र प्रारम्भिक जीवन

२०४७ सालको वैशाख १४ गते काठमाण्डुको नरदेवीमा जन्मिएका बालेन्द्र शाहले बाल्यकाल नरदेवी क्षेत्रमै बिताएका थिए । प्रारम्भिक शिक्षा नरदेवीस्थित जलजला माध्यमिक विद्यालयबाट लिएका उनी सानैदेखि जिज्ञासु र तार्किक प्रश्न सोध्ने बानी राख्थे ।

बालेनका बुबा डा. रामनारायण साह आयुर्वेद चिकित्सक थिए । जन्मको समयमा उनी नरदेवी आर्युवेद अस्पतालमै कार्यरत थिए । परिवार पछि तीनकुने गैरीगाउँमा बसोबास गर्न थाल्यो । आमा ध्रुवादेवी शाहको ममता र बुबा रामनारायणको स्नेहमा हुर्किएका बालेनले दाजु कौशल र बहिनीसँग बाल्यकाल बिताए ।

जनस्वास्थ्य क्षेत्रमा काम गर्ने नर्स तथा मोडेल सविना काफ्लेसँग विवाह गरेका बालेनकी एक छोरी छन् ।

काठमाण्डुको स्थायी वासिन्दा भएर हुर्किए पनि साहको पुर्ख्यौली घर मधेश प्रदेशको महोत्तरीस्थित एकडारा गाउँपालिका वडा नम्बर २ मा रहेको छ । अहिले उक्त घरमा स्थानीय प्रशासनको कार्यालय छ ।

### पढाइ र विद्यार्थी जीवन

बालेनको प्रारम्भिक शिक्षा जलजला माध्यमिक विद्यालयबाट भएको थियो । उच्च माध्यमिक शिक्षा तीनकुनेस्थित भीएस निकेतनबाट पूरा गरे। स्नातक तहको अध्ययन हिमालयन ह्वाइट हाउस कलेजबाट सिभिल इन्जिनियरिङमा पूरा गरेका उनले भारतको कर्नाटकस्थित विश्वेश्वरैया राष्ट्रिय प्रौद्योगिक संस्थानबाट स्ट्रक्चरल इन्जिनियरिङमा स्नातकोत्तर गरे ।

२०६३ सालसम्म बालेनले आठवटा विद्यालय परिवर्तन गरेका थिए । सानैदेखि उनी प्रश्न सोध्ने, जिज्ञासु र चुनौती स्वीकार गर्ने स्वभावका थिए ।

### राजनीतिक यात्रा

बालेन सानैदेखि राजनीतिक रूपले सचेत थिए । नौ कक्षादेखि नै उनी राजनीतिक चेतनासँग परिचित थिए। हिपप संगीतप्रतिको आकर्षणलाई उनी सामाजिक असन्तुष्टिको स्वरूपका रूपमा हेर्छन् ।

राजनीतिमा उनी विकास र पारदर्शितालाई प्राथमिकतामा राख्छन् । गीत र अध्ययन दुबै माध्यमबाट समाज र देशमा सकारात्मक परिवर्तन ल्याउने प्रयत्न उनी गर्दै आएका छन् ।

उनले आफूले भने राजनीतिक मार्गनिर्देशन नरसिंह व्यञ्जनकारबाट पाएको बताउने गरेका छन् । व्यञ्जनकारको मार्गदर्शनमा बालेनले जनता नजिक हुने, विपक्षीसंग पनि सम्बन्ध राख्ने कला सिकेका थिए ।

काठमाण्डु महानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारी दिएर बालेनले जनता विश्वासजितेरअहिले देशको प्रधानमन्त्री बन्दैछन् ।

परम्परागत नेपाली राजनीतिको भाष्यलाई भत्काउँदै ' काम गरेर देखाउने' उद्घोषसहितउदाएकाबालेन्द्र शाह अब औपचारिक रूपमै देशको कार्यकारी नेतृत्व सम्हाल्ने विन्दुमा आइपुगेका छन् ।

उनले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको १७ औं प्रधानमन्त्रीका रूपमा पद तथा गोपनीयताको शपथ लिँदैछन्। नेपाली राजनीतिको इतिहासमा युगान्तकारी अध्यायको सुरुवात गर्दैछन् ।

युवापुस्ता माझ उनी राजनीतिकर्मी र इञ्जिनियरभन्दा अगाडि बालेन नामको चर्चित हिप-हप र र्‍याप संगीतकारका रूपमा परिचित थिए । नेपाली हिप-हप संगीत क्षेत्रमा स्थापित कलाकारका रूपमा उनले आफ्ना गीतमार्फत समाजमा व्याप्त बेथिति, नीतिगत भ्रष्टाचार र राजनीतिक विकृतिविरुद्ध चर्को आवाज उठाएका थिए ।

विद्यार्थी जीवनदेखि नै व्यवस्थामाथि प्रश्न गर्ने स्वभाव र विद्रोही सोचका कारण उनले परम्परागत राजनीतिक शैलीभन्दा पूर्ण रूपमा फरक र नविनतम विचारधाराको विकास गर्दै आएका थिए ।

उनको राजनीतिक महत्वाकांक्षाको बीउ २०७४ सालको निर्वाचनमै देखिएको थियो । त्यतिबेला उनले सामाजिक सञ्जालमा लेखेका थिए, 'यो निर्वाचनमा म कसैलाई भोट हाल्दिन, अर्को पटक हाल्छु, आफैंलाई हाल्छु। देश बनाउँछु, किनकि मलाई अरूप्रति भरोसा छैन ।'

त्यतिबेला धेरैले यसलाई युवा आवेग मात्र मानेका थिए, तर उनले त्यसलाई २०७९ सालको स्थानीय तह निर्वाचनमा वास्तविकतामा परिणत गरेर देखाइदिए ।

२०७९ सालको स्थानीय तह निर्वाचनमा उनले स्वतन्त्र उम्मेदवारका रूपमा देशकै सबैभन्दा ठूलो र महत्त्वपूर्ण काठमाडौं महानगरपालिकाको मेयर पदमा उम्मेदवारी दिए ।

प्रमुख ठूला दलका शक्तिशाली उम्मेदवार हरूलाई भारी मतान्तरले पराजित गर्दै उनले ऐतिहासिक जित हासिल गरे । मेयरका रूपमा उनको कार्यकाल निकै चर्चित र एक्सन ओरिएन्टेड रह्यो ।

उनले महानगरमा सुशासन, पारदर्शिता, डिजिटल प्रणालीको अधिकतम प्रयोग, सडक व्यवस्थापन र अतिक्रमण गरिएका सार्वजनिक स्थानहरूको व्यवस्थापनमा केन्द्रित रहेर आफ्नो कार्यशैली प्रस्तुत गरे ।

महानगरको नेतृत्वमा रहँदा उनका कामलाई धेरैले सकारात्मक परिवर्तनको र हिम्मतको प्रयास माने। विशेष गरी लामो समयदेखि मिचिएको टुकुचा खोलाको उत्खनन गर्ने अभियान, नक्सा पास नभएका अवैध संरचना भत्काउने कार्यदेखि लिएर सुकुम्बासी बस्ती हटाउनेसम्मका विषयमा उनले निकै साहसिक कदम चाले ।

यद्यपि, यी कदमहरूका कारण उनले केही क्षेत्रबाट चर्को आलोचना र अवरोधको सामना पनि गर्नु पर्‍यो। तर, उनी आफ्नो अडानबाट कहिल्यै पछि हटेनन् ।

काठमाण्डु महानगरपालिकालाई एउटा निश्चित लयमा हिँडाएपछि शाहले राष्ट्रिय राजनीतिको फराकिलो मैदानमा उत्रिने निधो गरे । देशका अन्य भागहरूमा पनि सुशासनको प्रत्याभूति गराउने उद्देश्यसहित उनले २०८२ साल माघ ४ गते काठमाडौं महानगरपालिकाको मेयर पदबाट औपचारिक रूपमा राजीनामा दिए । राजीनामा दिएलगत्तै उनी रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गरे ।

रास्वपाले उनलाई आगामी प्रतिनिधि सभा निर्वाचन, २०८२ का लागि पार्टीको तर्फबाट भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सार्ने निर्णय गर्‍यो ।

प्रधानमन्त्रीको उम्मेदवार बनेपछि शाहले चुनाव लड्नका लागि रोजेको क्षेत्रले सिंगो देशलाई स्तब्ध बनाउने खाल्को थियो। उनले काठमाडौंको सुरक्षित क्षेत्र छाडेर झापा निर्वाचन क्षेत्र नं-५ बाट उम्मेदवारी दिने निर्णय गरे । यो त्यस्तो क्षेत्र थियो जहाँबाट चार पटकका पूर्व प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली निरन्तर चुनाव जित्दै आएका थिए ।

बालेनले झापा पुगेर एमाले अध्यक्ष ओलीलाई चुनौती दिए। ओलीले २०६४ सालको पहिलो संविधान सभा निर्वाचन बाहेक त्यसयता भएका सबै निर्वाचनमा उक्त क्षेत्रबाट एकछत्र विजय हासिल गर्दै आएका थिए ।

२०७९ सालको आम निर्वाचनमा मात्र पनि ओलीले ५४,३१९ मत प्राप्त गर्दै आफ्ना निकटतम प्रतिद्वन्द्वीलाई २८,५७६ मतको फराकिलो अन्तरले हराएका थिए । झापा-५ ओलीको अभेद्य किल्ला थियो ।

तर फागुन २३ गते प्रतिनिधि सभा निर्वाचनको आधिकारिक नतिजाले झापा-५ को इतिहास नै परिवर्तन भयो । निर्वाचन आयोगले बालेन्द्र शाह झापा-५ बाट निर्वाचित भएको घोषणा गर्‍यो ।

बालेनले झापा-५ प्राप्त गरेको मत सबैलाई आश्चर्यचकित पार्ने खाल्को थियो। शाहले ६८,३४८ मत पाएका थिए । यो मत संख्या नेपालको संसदीय निर्वाचनको इतिहासमै हालसम्मकै सबैभन्दा बढी मत हो ।

बालेनको जितले यसअघि २०७४ सालको निर्वाचनमा सोही क्षेत्रबाट केपी शर्मा ओलीले प्राप्त गरेको ५७,१३९ मतको कीर्तिमानलाई समेत सजिलै तोडिदियो । शाहले ओलीलाई ४९,६१४ मतको विशाल र फराकिलो अन्तरले पराजित गर्दै विजय हासिल गरे ।

झापाबाट कीर्तिमानी मतसहित निर्वाचित भएर आएपछि रास्वपाभित्र शाहको उचाइ अझै चुलियो । पार्टीको बैठकमा रास्वपाका सभापति रवि लामिछानेले नै बालेन्द्र शाहलाई पार्टीको संसदीय दलको नेता बनाउने प्रस्ताव अघि सारे ।

उक्त प्रस्तावलाई पार्टीले बिहीबार मात्र सर्वसम्मत रूपमा पारित गर्‍यो । संसदीय दलको नेता चयन भएसँगै बालेनलाई देशको कार्यकारी प्रमुख बन्ने बाटो पूर्ण रूपमा खुलेको छ । बिहीबारको शपथ ग्रहणपछि शुक्रबार उनले गणतन्त्र नेपालको १७ औं प्रधानमन्त्रीको रूपमा शपथ लिँदैछन् ।

विद्रोही स्वभावका भए पनि बालेनमा कूटनीतिक र राजनीतिक संस्कारको भने राम्रै प्रभाव देखिन्छ । यसको श्रेय उनका राजनीतिक गुरु मानिने ललितपुरका पाका राजनीतिज्ञ नरसिंह व्यञ्जनकारलाई जान्छ ।

व्यञ्जनकारबाटै शाहले राजनीतिमा संयम अपनाउने, शालीनता देखाउने र आफ्ना घोर विपक्षी वा आलोचकसँग पनि अत्यन्तै सम्मानजनक व्यवहार गर्ने संस्कार सिकेको जानकारहरू बताउँछन् । यही संस्कारका कारण उनी युवामाझ जति लोकप्रिय छन्। पाका पुस्ताले पनि उनलाई उत्तिकै सम्मान गर्छन् ।

बालेनको यो अभूतपूर्व उदय नेपाली समाजमा दशकौंदेखि जरा गाडेर बसेको राजनीतिक असन्तुष्टि, प्रमुख दलहरूको अकर्मण्यता र जनताको वैकल्पिक नेतृत्वको खोजीको प्रत्यक्ष परिणाम पनि हो। विशेषगरी युवापुस्तामाझ अत्यधिक लोकप्रिय रहेका शाहलाई जनताले काम गरेर देखाउने नेता र परिवर्तनको वाहकका रूपमा चिनेका छन् ।

अब देशको कार्यकारी प्रमुखका रूपमा शाहसामु अवसर जति छन्, चुनौतीहरू त्योभन्दा कैयौं गुणा बढी छन् ।

देशमा सुशासन कायम गर्नु, थला परेको अर्थतन्त्रलाई आर्थिक सुधारमार्फत माथि उकास्नु, लाखौं युवाका लागि स्वदेशमै रोजगारीको सिर्जना गर्नु, र दशकौंदेखिको राजनीतिक अस्थिरतालाई अन्त्य गरी राजनीतिक स्थायित्व कायम गर्नु उनका प्रमुख चुनौती छन् ।

# निर्वाचन सम्पन्न गर्नु मुख्य उपलब्धि: गृहमन्त्री अर्याल



काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले आफ्नो १९१ दिने कार्यकाल सफलतापूर्वक पूरा गरी आज गृह मन्त्रालयबाट बिदाइ हुनुभएको छ ।

नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूले आजै पद तथा गोपनीयताको सपथ लिएसँगै शुक्रबार नयाँ सरकार गठन हुने तयारीका बीच मन्त्री अर्यालले पदबाट बिदा लिनुभएको हो ।

मन्त्रालयमा आज आयोजित विशेष बिदाइ समारोहलाई सम्बोधन गर्दै मन्त्री अर्यालले जेनजी जनआन्दोलन पछिको असामान्य र चुनौतीपूर्ण अवस्थामा जिम्मेवारी सम्हालेको स्मरण गर्नुभयो । उहाँले आफ्नो कार्यकालमा शान्तिसुरक्षाको सामान्यीकरण, सुशासनको सुदृढीकरण र स्वच्छ, निष्पक्ष एवं भयरहित वातावरणमा ऐतिहासिक निर्वाचन सम्पन्न गर्नु नै मुख्य उपलब्धि रहेको बताउनुभयो ।

"निर्वाचन हुने वा नहुने भन्ने आशङ्काबीच हामीले प्रशासनिक समन्वय र सुरक्षा तयारीमार्फत निर्धारित समयमै निर्वाचन सम्पन्न गर्यौं", मन्त्री अर्यालले भन्नुभयो, "यसबाट संविधान सही बाटोमा आएको छ र यसको सम्पूर्ण श्रेय आमनागरिक, सुरक्षाकर्मी र कर्मचारीको सामूहिक प्रयासलाई जान्छ ।"

उहाँले आफ्नो कार्यकालमा भएका मुख्य कार्यलाई मन्त्रालयको संस्थागत अभिलेखका रूपमा हस्तान्तरण गर्नुभएको छ । सो अवसरमा उहाँले जेनजी आन्दोलनका ४२ जना सुशासन योद्धा र तीन जना प्रहरीलाई सहिद घोषणा गरिएको, घाइतेको वर्गीकरण गरी जीविकोपार्जन भत्ताको व्यवस्था गरिएको र आन्दोलनमा क्षतिग्रस्त भएका ४६५ सरकारी कार्यालयको पुनर्निर्माण गरी सेवा सञ्चालन गरिएको जानकारी दिनुभयो ।

समारोहमा गृहसचिव राजकुमार श्रेष्ठले मन्त्री अर्यालको नेतृत्वमा मन्त्रालयले छोटो अवधिमा दुई दर्जनभन्दा बढी कानुन तर्जुमा तथा परिमार्जन गर्न सफल भएको र सुरक्षा निकायको मनोबल उच्च बनाउन महत्वपूर्ण भूमिका खेलेको भन्दै उहाँको कार्यशैलीको प्रशंसा गर्नुभयो ।

मन्त्री अर्याल २०८२ भदौ ३० गते गृहमन्त्री नियुक्त हुनुभएको थियो । उहाँले १९१ दिने कार्यकालमा विपद् व्यवस्थापन, मिटरब्याज पीडितको समस्या सम्बोधन र नागरिकता प्राप्तिमा सहजताजस्ता जनपक्षीय कार्यसम्पादन गर्नुभएको मन्त्रालयले जनाएको छ । रासस

## जाँचबुझ आयोगको प्रतिवेदनप्रति बारको असहमति

काठमाण्डु । नेपाल बार एसोसिएसनले गत भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ को प्रतिवेदनप्रति असहमति जनाएको छ ।

बारले आफ्नो क्षेत्राधिकार बाहिर गएर आपत्तिजनक तवरमा न्यायालयका विषय प्रतिवेदनमा उल्लेख गरेको भन्दै आज १:३० बजे सल्लाहकार समिति बैठक पनि बोलाएको छ ।

बारका महासचिवमा केदारप्रसाद कोईरालाले रासससँग कुरा गर्दै भन्नुभयो, "न्यायालय र कानुन व्यवसायप्रति समाजमा नकारात्मक असर पुग्ने गरी प्रतिवेदन आएको छ, यसमा हाम्रो असहमति छ । यसबारे कानुन व्यवसायीबीच गम्भीर छलफल हुनेछ ।"

न्याय सुलभ पार्न वकिलको शुल्कलगायत विकृति र विसङ्गति फाँड्ने तथा न्यायलाई वकिलको स्वर्ग हुनबाट बचाउनु पर्नेलगायतका विषय प्रतिवेदनमा उल्लेख छ ।

"सर्वसाधारणको न्यायमा पहुँच नहुनु, नेपाली नागरिकले सुलभ तरिकाले न्याय पाउन सक्ने स्थिति छैन भनिन्छ । रासस



मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानून मन्त्रालय
आमसन्चार प्राधिकरण
सूची दर्ता गराउने म्याद थप सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति : २०८२/११/२८
दोश्रो पटक प्रकाशित मिति: २०८२/१२/१३
यस आमसञ्चार प्राधिकरणको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन (पहिलो संशोधन कार्यविधी, २०८१ बमोजिम लोककल्याणकारी विज्ञापन कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले मिति २०८२/१०/१४ गतेको प्राधिकरण बोर्डको निर्णय अनुसार लोककल्याणकारी विज्ञापन प्रस्तुत गर्ने ईच्छुक पत्रपत्रिका, एफ.एम. रेडियो, टेलिभिजन र अनलाईन सञ्चरमाध्यमहरु २०८२/१२/१२ गते कार्यालय समय भित्र सूचीकृत गराउन हुन प्रथम पटक प्रकाशित सूचनाको मिति २०८२/१२/२० सम्म म्याद थप भएको हुँदा यस कार्यालयमा आवश्यक कागजात सहित अनुसूची २ फाराम भरी पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।
नि: प्रशासकीय प्रमुख



श्री माध्यमिक विद्यालय
कुम्हरौल रमदैया भवाडी, क्षीरेश्वरनाथ न.पा.–२ (धनुषा)
रिक्त प्राथमिक राहत शिक्षक पदपूर्ति विज्ञापन सम्बन्धमा
(सूचना प्रकाशन मिति : २०८२/१२/१२ गते)
प्रस्तुत विषयमा यस श्री माध्यमिक विद्यालय कुम्हरौल रमदैया भवाडी विद्यालयमा रिक्त प्राथमिक राहत शिक्षक-१ विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०२/०३ गतेको अनुमति माँग र क्षिरेश्वरनाथ नगरपालिकाको च.नं. १२६८ मिति २०८२/०२/०६ गतेको सिफारिस तथा शिक्षा विकास तथा समन्वय इकाई धनुषाको च.नं. ५३५ मिति २०८२/०७/२० गतेको पत्रानुसार प्राथमिक राहत कोटा -१ शिक्षक पदपूर्ति गर्न शिक्षा नियमावली २०५९ (संसोधन सहित) नियम ९६ (क) तथा १७ बमोजिम समेत सम्पूर्ण प्रक्रिया पुरा हुने गरी दिईएको अनुमति अनुसार प्राथमिक राहत शिक्षक १ मा तपसिल अनुसार पदपूर्तिको विज्ञापन गर्न विद्यालय व्यवस्थापन समितिको मिति २०८२/१२/०९ गतेको निर्णय अनुसार सूचना प्रकाशित गरिएको सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।
तपसिल
विज्ञापन न: १/२०८२/०८३ पद: शिक्षक (राहत अनुदान कोटा)
तह: प्राथमिक संख्या: १ (एक)
नियुक्तिको किसिम: करार उमेर: १८ वर्ष पुरा भई४० वर्ष ननाघेको
आवश्यक न्यूनतम शैक्षिक योग्यता: शिक्षा विषय लिइ प्रमाण पत्र तह तथा +२ सो सरह उतीर्ण
पाठ्यक्रम : शिक्षक सेवा आयोगले प्राथमिक शिक्षकको लागि बर्तमान लागु गरेको पाठ्यक्रम
संलग्न गर्नपर्ने कागजातहरु :
(क) हस्त लिखित निवेदनः १
(ख) शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि ३/३ प्रति
(ग) अध्यापन अनुमति पत्रको प्रतिलिपि ३/३ प्रति
(घ) नेपाली नागरिकताको प्रतिलिपि ३/३ प्रति
(ड) २०८२ सालमा धनुषा जिल्लाको प्राथमिक तह शिक्षक लागि करार सूचिमा सुचिकृत भएको भए प्रमाणित कागजात
(च) परिक्षा दस्तुरः रु.१०००/- अक्षरेपी एक हजार
(छ) परीक्षाको किसिम लिखित र अन्तरबार्ता
(ज) निवेदन दिने समय
(अ) २०८२ सालमा धनुषा जिल्लाको प्राथमिक तह शिक्षक लागि करार सूचिमा सुचिकृत भएको नेपाली उम्मेदवारको लागि मिति २०८२/१२/१२ गते देखि २०८२/१२/१८ गते दिउसो २ बजेसम्म र उक्त अवधि सम्म करार सूचीमा सुचिकृत भएको
उम्मेदवारको निवेदन नआएमा बुदाँ (आ) बमोजिम हुने
(आ) करार सूची बाहेकका लागि मिति २०८२/१२/१९ गते देखि २०८३/०१/०३ गते दिउसो २ बजे सम्म
(झ) निवेदकहरुको सूचि प्रकाशन २०८३/०१/०४ गते दिउसो ३ बजे
(ञ) निवेदकले निवेदन साथ पेश गरिने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्ने।
(ट) परीक्षा मिति सम्पर्क मितिमा तोकिने छ ।
(ठ) सम्पर्क मितिमा २०८३/०१/०५ गते
(ड) लिखित परीक्षा हुने दिन सक्कल प्रमार्ण पत्र अनिवार्य रुपमा ल्याउनु पर्ने छ
नोट : तोकिएको समय भित्रमा शिक्षक सेवा आयोगको धनुषा जिल्लाको करार सूचीमा परेकोले निवेदन दिएमा सोही सूचीकृतलाई योग्यताक्रम आधारमा नियुक्ति गरिनेछ र खुला तर्फबाट आएको दस्तुर फिर्ता गरिनेछ साथै करार सूचीको निवेदन नपरेमा खुल्ला तर्फबाट शिक्षक छनोट प्रक्रिया गरिनेछ ।
प्रधानाध्यापक

जनकपुर टुडे





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कार्की आयोगको रिपोर्ट

भदौ २३ र २४ गते भएको जेन- जी आन्दोलनको छानबिन गरेको कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकारमाथि दबाब बढेपछि सञ्चार माध्यममार्फत सार्वजनिक भएको छ । प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले प्रतिवेदन सार्वजनिक गर्न चाहेनन् । सरकारको समय पनि पूरा हुन लागेकोले प्रतिवेदन सार्वजनिक गर्न चासो देखाएन । नयाँ सरकार गठनको प्रक्रिया नै प्रारम्भ नभएकाले प्रतिवेदनको विषयमा औपचारिक धारणा सार्वजनिक गर्ने विषय नै भएन । कार्की आयोगको प्रतिवेदनको स्वामित्वग्रहण गरी सरकारले त्यसलाई कार्यान्वयन गर्न आवश्यक नै ठानेन । सरकारले आयोगको प्रतिवेदनलाई औपचारिक रुपमा सार्वजनिक गरी विवादमा पर्न सक्ने जोखिम मोल्न चाहेन । प्रतिवेदनलाई सार्वजनिक गर्ने अथवा नगर्ने जिम्मेवारी सरकारको नै थियो । सरकारले नै आयोग बनाएकोले त्यसको प्रतिवेदन बुझ्ने, सार्वजनिक गरी अथवा नगरी त्यसलाई कार्यान्वयन गर्ने वा नगर्ने जिम्मेवारी सरकारमा नै थियो । सरकारले सार्वजनिक नगरे पनि प्रतिवेदन सार्वजनिक भइसकेको छ । तर अब त्यसको कार्यान्वयन गर्न सहज देखिएको छैन । प्रतिवेदन सार्वजनिक भइसकेपछि त्यसको सबै पक्षलाई आम नेपालीले केलाउन थालेको छ । प्रतिवेदन पूर्वाग्रही अथवा निष्पक्ष र यथार्थपरक हो, होइन् त्यसबारे फरक फरक धारणा आउन थालेको छ । प्रतिवेदनमा औंल्याएका कयौं विषयहरुमा फरक धारणा रहेको पाइन्छ । प्रतिवेदन तयार गर्ने क्रममा आयोगका सदस्यहरु एकमत भए पनि सार्वजनिक भएपछि त्यसबारे चासो राखेका नेपालीहरु भने एकमत हुन सकेको छैन । २३ गतेको अनुसन्धान र २४ गतेको अनुसन्धानमा व्यापक भिन्नता रहेको बताइन छ । आयोगले निष्पक्ष अनुसन्धान नगरेको समेत सबाल उठेको छ । आयोगको काम कारबाहीबारे प्रश्न उठेकोले त्यसको कार्यान्वयन सहज छैन । कुनै राजनीतिक दलका नेता अथवा प्रधानमन्त्री, मन्त्रीहरुलाई पूर्वाग्रही रुपमा दोषी ठहर गर्दा त्यसले देशमा बेथिति झन् बढ्ने छ । एउटा दलको सरकारले अर्को दलका नेतामाथि पूर्वाग्रही भएर कारबाही गरे अर्को सरकारले फेरि प्रतिशोधमा उत्रन सक्ने सम्भावना रहन्छ । प्रतिवेदनको कार्यान्वयनमा जोड दिनेहरुले त्यसको निष्पक्षता समेतलाई विचार गरी सरकारमाथि दबाब दिनु पर्छ । प्रधानमन्त्री, मन्त्री, सचिव, प्रशासनिक निकाय लगायतलाई दोष देखाएर मात्र हुँदैन । त्यसको कारण नै अनुसन्धानको पहिलो विषय हुनुपर्छ । त्यसपछि मात्र दोषी पत्ता लगाउनु पर्छ । सिंहदरबार जल्नुको कारण र त्यहाँ तैनाथ नेपाली सेनाको विषयमा व्यापक अनुसन्धानको आवश्यकता छ । जेलबाट कैदी फरार हुने कारण र त्यसको लागि बनाइएको वातावरण लगायतका विषयहरुमा अनुसन्धानले पूर्णता पाएको छैन । अनुसन्धानको धेरै पक्षहरु कमजोर रहेको देखिन्छ । कार्की आयोगको प्रतिवेदनको भन्दा मतदाताहरुले गरेको निर्णय धेरै अगाडि छ । प्रतिवेदन सार्वजनिक गर्ने अथवा त्यसको कार्यान्वयनबाट सरकार भाग्न खोजेको छ ।

# राम नवमी : आदर्श, आश्था र उत्तरदायित्व



प्रफुल्ल घिमिरे


ॐ श्रीरामाय नमः।

आज चैत शुक्ल नवमी। आस्था, श्रद्धा र आध्यात्मिक चेतनाले ओतप्रोत रहेको एक पावन दिन , यस दिन मर्यादा पुरुषोत्तम भगवान श्रीरामको अवतरणलाई स्मरण गर्दै सम्पूर्ण सनातन धर्मावलम्बीहरू भावविभोर हुन्छन्। रामनवमी केवल एक धार्मिक उत्सव मात्र होइन; यो सत्य, धर्म, कर्तव्य , न्याय र मर्यादाको पुनर्जागरणको, जीवन मुल्यहरुको प्रतीक हो। युगौंदेखि मानव सभ्यताको मार्गदर्शकका रूपमा स्थापित श्रीरामको जन्मोत्सवले प्रत्येक वर्ष हामीलाई आफ्नो जीवन, समाज र राष्ट्रप्रतिको उत्तरदायित्वबारे पुनः सोच्न बाध्य बनाउँछ।

भगवान विष्णुको सातौं अवतारका रूपमा अयोध्याका राजा दशरथको दरबारमा कौशल्याको गर्भबाट प्रकट भएका श्रीरामको जीवन कुनै सामान्य कथा होइन, त्यो आदर्शहरूको जीवित प्रतिमूर्ति हो।

जब अधर्मले सीमा नाघ्छ, अन्यायले समाजलाई थिच्न थाल्छ, तब धर्मको रक्षा गर्न दिव्य शक्तिहरू अवतरण गर्छन् भन्ने सनातन विश्वासको प्रत्यक्ष उदाहरण हो । रामको जन्मको क्षण केवल एउटा पौराणिक धार्मिक घटना मात्र होइन, त्यो मानविय मूल्य मान्यताहरूको पुनर्स्थापनाको जागरण हो।

जगतको पालनहारकर्ता र दुर्लभ शक्तिहरुका स्वामी हुँदाहुँदै पनि श्रीराम एक सामन्य मनुष्य जीवनका अद्भुत उदाहरण हुन । यसैले आज युगौं युग पछि पनि श्री रामचन्द्रजिको आदर्श व्यक्तित्व, धैर्य , निष्ठा, त्याग र पराक्रमलाई श्रद्धा र सम्मान दिइदै राम नवमिको दिन भव्य रुपमा जन्मोत्सव मनाउने गरिन्छ।



नेपालको मिथिला क्षेत्र, विशेषगरी जनकपुरधाम, रामनवमीको अवसरमा अद्भुत आध्यात्मिक ऊर्जा र सांस्कृतिक रंगले भरिन्छ। जनकपुर धाम ! जुन केवल एउटा सहर होइन, यो माता सीताको जन्मभूमि र श्रीरामसँगको पवित्र वैवाहिक सम्बन्धले जोडिएको एक ऐतिहासिक तीर्थस्थल हो। जो रामनवमीका दिन भक्तजनहरूको अपार भीडले जीवन्त बन्छ। जनक मन्दिर, राम मन्दिर, जानकी मन्दिर लगायत विभिन्न मठ-मन्दिर र सरोवरहरूमा बिहानैदेखि पूजाआराधना, भजन-कीर्तन र रामनामको गुन्जनले वातावरणलाई दिव्यता प्रदान गर्छ।

जनकपुरधाममा रामनवमी मनाउने परम्परा केवल धार्मिक अनुष्ठानमा सीमित छैन; यो मिथिला संस्कृतिको गौरव, परम्परा र सामूहिक चेतनाको अभिव्यक्ति हो। यहाँका गल्ली-गल्लीमा राम-सीताको विवाह प्रसंग सम्झाउने झाँकीहरू प्रस्तुत गरिन्छन्, शोभायात्राहरू निकालिन्छन्, र श्रद्धालुहरू रामचरितमानस तथा अन्य धार्मिक ग्रन्थहरूको पाठमा तल्लीन हुन्छन्। मठ-मन्दिरहरूमा दीप प्रज्वलन, फूलमालाले सजावट र भक्तजनहरूको सहभागिताले जनकपुरधाम एक विशाल आध्यात्मिक केन्द्रमा परिणत हुन्छ।

तर, यो उत्सवको चमकसँगै केही गम्भीर प्रश्नहरू पनि उभिएका छन्। के हामी रामको आदर्शलाई केवल मन्दिरभित्र सीमित गर्दैछौं? के हाम्रो भक्ति केवल कर्मकाण्डमा सीमित भएको त छैन? जनकपुरधाम जस्तो ऐतिहासिक र धार्मिक महत्वको स्थानमा समेत मठ-मन्दिरहरूको संरक्षणमा देखिएको कमजोरी, गुठी जग्गाको दुरुपयोग, र सांस्कृतिक सम्पदाको क्रमिक क्षयले हाम्रो जिम्मेवारी बोधमाथि प्रश्न उठेको छ।

जनकपुरधाम मात्र होइन, नेपालका अन्य धार्मिक केन्द्रहरू-काठमाडौंको पशुपतिनाथ क्षेत्र, लुम्बिनी आसपासका हिन्दू तीर्थस्थलहरू, तराई-मधेशका विभिन्न राम-जानकी मन्दिरहरू सबै ठाउँमा रामनवमी श्रद्धापूर्वक मनाइन्छ। भारतको अयोध्या, वाराणसी, जनकपुरसँग सांस्कृतिक सम्बन्ध राख्ने मिथिला क्षेत्रका गाउँ-सहरहरूमा पनि यस पर्वले विशेष महत्व राख्छ। सीमापारको सांस्कृतिक सम्बन्धले रामनवमीलाई केवल धार्मिक पर्व मात्र नभई सभ्यतागत एकताको प्रतीक बनाएको छ।

रामनवमीका दिन व्रत बस्ने, रामायण पाठ गर्ने, भजन-कीर्तनमा सहभागी हुने र "श्रीराम जय राम जय जय राम" जप गर्ने परम्पराले भक्तजनहरूलाई आध्यात्मिक शान्ति प्रदान गर्छ। तर, रामको सन्देश केवल जप र पूजा गर्नका लागि होइन; त्यो जीवनमा अपनाउनका लागि हो। सत्य बोल्नु, न्याय गर्नु, कमजोरको रक्षा गर्नु, आफ्नो कर्तव्य पूरा गर्नु यी सबै रामका शिक्षाहरू हुन्।

आजको समाजमा, जहाँ भ्रष्टाचार, अन्याय, असमानता र नैतिक पतनका समस्या दिनानुदिन बढिरहेका छन्, रामको आदर्श झन् सान्दर्भिक बन्दै गएको छ। राजनीतिक नेतृत्वदेखि लिएर सामान्य नागरिकसम्म, सबैले आफ्नो भूमिका र जिम्मेवारीलाई रामको दृष्टिकोणबाट हेर्न सके मात्र समाजमा सकारात्मक परिवर्तन सम्भव छ।

रामराज्यको अवधारणा आज पनि आदर्श शासनको रूपमा प्रस्तुत गरिन्छ। जहाँ जनताको कल्याण पहिलो प्राथमिकता हुन्छ, जहाँ न्याय निष्पक्ष हुन्छ, जहाँ शासन पारदर्शी हुन्छ त्यही नै वास्तविक रामराज्य हो। तर, वर्तमान अवस्थामा हामी त्यो आदर्शबाट टाढा हुँदै गएको छौं। जनताका अपेक्षा र नेतृत्वको व्यवहारबीचको दूरी बढ्दै गएको छ। यस्तो अवस्थामा रामनवमी केवल उत्सव मात्र होइन, यो चेतनाको जागृत गर्ने शुभ समय पनि हो।

युवा पुस्ताको भूमिका यहाँ अत्यन्त महत्वपूर्ण हुन्छ। आजका युवाहरू प्रविधिमा अगाडि छन्, चेतनशील छन्, तर उनीहरूमा सांस्कृतिक जडसँगको सम्बन्ध कमजोर हुँदै गएको देखिन्छ। रामनवमी जस्ता पर्वहरूले उनीहरूलाई आफ्नो इतिहास, धर्म-संस्कृति र मूल्य-मान्यतासँग पुनः जोड्ने अवसर प्रदान गर्छ। यदि युवा पुस्ताले रामको आदर्शलाई आत्मसात् गर्न सके, भने समाजको दिशा नै परिवर्तन हुन सक्छ।

जनकपुरधाममा पछिल्ला वर्षहरूमा देखिएको धार्मिक चेतना र सांस्कृतिक जागरण आशालाग्दो छ। विभिन्न संघ-संस्थाहरू, युवा समूहहरू र स्थानीय समुदायहरू मिलेर रामनवमीलाई भव्य रूपमा मनाउने प्रयासले नयाँ सम्भावनाहरूको संकेत दिएको छ। मठ-मन्दिरहरूको संरक्षण, सांस्कृतिक कार्यक्रमहरूको आयोजना र धार्मिक शिक्षाको प्रवर्द्धनले जनकपुर धामलाई पुनः आफ्नो पहिचानतर्फ फर्काउने संकेत देखाइ रहेको छ।

तर, केवल उत्सव मनाउनु पर्याप्त छैन। आवश्यक छ - सम्पदाको संरक्षण, परम्पराको सम्मान र मूल्यहरूको अभ्यास। यदि हामीले आफ्ना धार्मिक स्थलहरू जोगाउन सकेनौं भने, भविष्यका पुस्ताहरूले केवल कथा मात्र सुन्नेछन्, वास्तविकता देख्न पाउने छैनन्।

रामनवमीको पावन अवसरमा हामीले आत्ममन्थन गर्नैपर्छ - के हामी रामका अनुयायी मात्र हौं, कि उहाँका आदर्शका अनुकरणकर्ता पनि ? यदि हाम्रो जीवनमा सत्य, न्याय, कर्तव्य र मर्यादाको अभाव छ भने, हाम्रो पूजा अपूर्ण छ।

अन्ततः, रामनवमीले हामीलाई सम्झाउँछ कि भगवान श्रीराम केवल मन्दिरमा बस्ने देवता होइनन्; उहाँ हाम्रो आचरण, हाम्रो विचार र हाम्रो कर्ममा बस्नुपर्छ। समाजमा न्याय स्थापना गर्न, राष्ट्रलाई समृद्ध बनाउन र मानवतालाई उच्च स्थानमा पुऱ्याउन रामको मार्ग अपनाउनु आवश्यक छ।

यस पावन अवसरमा, जनकपुर धामदेखि देश-विदेशका सम्पूर्ण रामभक्तहरूमा शान्ति, सद्भाव, समृद्धि र आध्यात्मिक उन्नतिको कामना गर्दै-मर्यादा पुरुषोत्तम भगवान श्रीरामको आदर्शलाई जीवनमा उतार्ने प्रतिबद्धता गरौं। यही नै साँचो रामनवमी हुनेछ

"रामनवमी" को सबैमा हार्दिक मंगलमय शुभकामना।

# ऐतिहासिक विजयदेखि कारुणिक पराजयसम्म



बलराम बास्कोटा

भिन्न कालखण्डका निर्वाचनहरूमा उल्लेख्य र सम्मानपूर्ण नतिजा हासिल गरेको नेपालको कम्युनिस्ट आन्दोलनले २०७४ सालको निर्वाचनमा ऐतिहासिक सफलता हासिल गरेको थियो । नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको वाम गठबन्धनले प्रतिनिधि सभाका २७५ मध्ये १७४ सिट जितेर करिब दुई-तिहाइ बहुमत प्राप्त गरेको थियो ।

त्यस समयमा, दुई ठूला कम्युनिस्ट पार्टीहरूबीच एकता भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) गठन पनि भयो र मुलुकले कम्युनिस्ट नेतृत्वको शक्तिशाली सरकार पायो । जनताको जनादेश पाँच वर्षको भए पनि पाँच वर्ष बित्न नपाउँदै लेनिनवादी सङ्गठनात्मक सिद्धान्त कार्यान्वयन गर्नुको बदला नेतृत्वको अहङ्कार, दम्भ र एकलकाटे शैलीका कारण न सरकार टिक्यो, न पार्टी बच्यो ।

२०७९ मा सम्पन्न निर्वाचनमा नै ती दुई पार्टीहरूले ठूलो पराजय भोग्नुपऱ्यो । नेपाली कांग्रेस ८९ सिटका साथ पहिलो शक्ति बन्यो भने एमाले ७८ र माओवादी केन्द्र ३२ सिटमा सीमित भयो । नेकपा एमालेबाट विभाजित पार्टी नेकपा (एकीकृत समाजवादी) राष्ट्रिय पार्टी बन्न नसकी १० सिटमा मात्र खुम्चन पुग्यो ।

२०८२ फागुन २१ मा भएको निर्वाचनमा नेकपा (एमाले) र माओवादी केन्द्रले क्रमशः २५ र १७ सिट प्राप्त गरी लज्जाजनक पराजय भोग्नुपऱ्यो । बताइरहनु पर्ने आवश्यकता छैन कि केही समयअघिसम्म ठूला र सत्तासीन रहेका दलहरू आज कुल सिट सङ्ख्याको १० प्रतिशत हिस्सा पनि हासिल गर्न सकेनन् ।यो पराजय केवल सिट सङ्ख्याको हिसाबले मात्र होइन, वैचारिक र राजनीतिक रूपमा पनि अत्यन्त महत्त्वपूर्ण छ । वामपन्थी दृष्टिकोणबाट हेर्दा, यस पराजयले नेपाली कम्युनिस्ट आन्दोलनमा देखिएको वैचारिक विचलन, आन्तरिक विभाजन, संस्थागत कमजोरी र जनताप्रतिको दायित्वबोधमा आएको कमीजस्ता गम्भीर प्रश्नहरू उठाएको छ ।

यस आलेखमा, कम्युनिस्ट पार्टीहरूको पराजयका मूल कारणहरूको विश्लेषण वामपन्थी दृष्टिकोणबाट गर्ने प्रयास गरिएको छ । साथै, यसले भविष्यको कम्युनिस्ट आन्दोलनलाई के सन्देश दिन्छ भन्ने विषयमा पनि चर्चा गरिने छ ।

### वैचारिक विचलन

वामपन्थी विश्लेषणको केन्द्रविन्दु वैचारिक स्पष्टता र वर्गीय दृष्टिकोण नै हो । नेपालका कम्युनिस्ट पार्टीहरूको पराजयको पहिलो र प्रमुख कारण वैचारिक विचलन नै हो । गणतन्त्र स्थापनापछि सरकारमा पुगेका कम्युनिस्ट पार्टीहरूले क्रमशः आफ्नो क्रान्तिकारी धारलाई भुत्ते बनाउँदै पुँजीवादी व्यवस्थासँग सम्झौता गर्ने पथतिर अग्रसर भए ।

अझ स्पष्ट शब्दमा भन्ने हो भने उनीहरू दलाल पुँजीवादको चङ्गुलमा फसे । महाकाली सन्धिजस्तो राष्ट्रघाती सन्धि गर्न वामपन्थीहरू नै अग्रसर भए । सत्तामोहमा लिप्त भई विभिन्न बहानामा एमसीसीजस्ता घातक सम्झौता गरे र सार्वभौम संसद्बाट यसलाई पारित गर्न वाम शक्ति नै लागे ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले त झन् प्रधानमन्त्री हुँदा हिन्दू धार्मिक आयोजनाहरूमा गरेको लगानी, राम र लक्ष्मणका मूर्ति प्रतिस्थापन गर्ने र राम जन्मभूमि अयोध्या नेपालको ठोरी हो भन्नेजस्ता बेतुकका कुरामा आफ्नो समय खर्चे ।

धार्मिक जुलुसहरूको आयोजनाजस्ता गतिविधिले कम्युनिस्ट पार्टीको धर्मनिरपेक्ष र वैज्ञानिक सामाजिक दृष्टिकोणलाई नै धूमिल बनाए । कम्युनिस्ट पार्टीले जनताको अगुवाइ गर्नुको सट्टा प्रतिक्रियावादी हिन्दू राष्ट्रवादको एजेन्डालाई नै प्रश्रय दिन थाल्यो । यसले पार्टी र कम्युनिस्ट आन्दोलनप्रतिको जनविश्वासमा गम्भीर आघात पुऱ्यायो ।

यसै गरी, निर्वाचनमा एमालेले राजावादी र हिन्दू राष्ट्रको पक्षधर राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सँग गठबन्धन गरेको थियो । यो गठबन्धनले कम्युनिस्ट पार्टीको वैचारिक पहिचानमाथि नै प्रश्नचिह्न खडा गरिदियो । जुन पार्टीले सामन्तवाद विरुद्ध युद्ध लडेको थियो, त्यही पार्टी राजतन्त्रको पुनःस्थापना चाहने शक्तिसँग चुनावी तालमेल गरेर जाँदा जनतामा गम्भीर भ्रम सिर्जना भयो ।

वामपन्थी आन्दोलनको मूल आधार नै वैचारिक स्पष्टता हो । त्यसमा धावा बोल्दा जनताले कम्युनिस्ट पार्टीहरू र सामन्तवादी तथा पुँजीवादी पार्टीहरूबीच खासै भिन्नता देख्न सकेनन् र वैकल्पिक शक्तिका रूपमा अमेरिकी साम्राज्यवादपरस्त राष्ट्रिय स्वतन्त्र पार्टीलाई मत दिए ।

यसरी नेपाली जनताले एकातिर अगाडिको ढोकाबाट बाघलाई लखेटैं भनेर मख्ख परे तर अर्को ढोकाबाट ब्वाँसो पसेको पत्तै पाएनन् ।

### आन्तरिक कलह र नेतृत्व सङ्कट

मार्क्सवादले द्वन्द्वात्मक भौतिकवादअनुसार कुनै पनि आन्दोलनको विकासमा आन्तरिक द्वन्द्वको भूमिका हुन्छ भन्ने मान्यता राख्छ । तर, नेपालको कम्युनिस्ट आन्दोलनमा देखिएको आन्तरिक द्वन्द्व सिर्जनात्मक नभएर विनाशकारी बन्न पुग्यो । २०७५ मा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच भएको एकीकरण पार्टी एकताको सुनौलो अवसर थियो । तर, नेतृत्व तहको शक्ति-सङ्घर्ष र व्यक्तिगत महत्त्वाकाङ्क्षाले त्यो एकतालाई भताभुङ्ग पारिदियो ।

पार्टी एकताको सहमतिमा ओलीले अढाई वर्ष प्रधानमन्त्री रहेर त्यसपछि पद प्रचण्डलाई हस्तान्तरण गर्ने सहमति थियो । तर, ओलीले त्यो सहमति पालना गरेनन् । यसले पार्टीभित्र गहिरो अविश्वासको वातावरण सिर्जना गऱ्यो । अन्ततः पुँजीवादी अदालतको आदेशमा पार्टी नै विभाजित भयो । कम्युनिस्ट नेताहरूको विवेकशून्यता र अहङ्कारका कारण एमाले र माओवादी केन्द्र छुट्टिए । यति मात्र नभएर, एमालेबाट माधव नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) पनि अलग्गियो । यसरी कम्युनिस्ट आन्दोलनका शक्तिहरू टुक्रिनु, नेतृत्व तहको अविश्वास र व्यक्तिगत महत्त्वाकाङ्क्षाले जनतामा कम्युनिस्ट पार्टीहरूप्रति गहिरो निराशा पैदा गऱ्यो ।

जब जनताले आफ्ना नेताहरूलाई शक्ति र पदका लागि मात्र होडबाजी गरेको देख्छन्, तब उनीहरूको आस्था कमजोर हुन्छ । वामपन्थी राजनीतिको नैतिक आधार नै त्याग, बलिदान र जनसेवा हो । नेताहरूमा देखिएको सत्तालोलुपताले जनतालाई एकदम निराश बनायो ।

### पुँजीवादी वर्गसागको साँठगाँठ

मार्क्सवादी वर्ग-विश्लेषणको दृष्टिकोणबाट हेर्दा, नेपालका कम्युनिस्ट पार्टीहरू क्रमशः मजदुर र किसान वर्गको प्रतिनिधित्व गर्ने संस्थाबाट पुँजीपति वर्गसँग हात मिलाउने संस्थामा परिणत भए । विभिन्न निर्वाचनमा विभिन्न कम्युनिस्ट पार्टीहरूबाट ठूलो सङ्ख्यामा ठेकेदार, व्यवसायी र उद्योगपतिहरू निर्वाचित भए । यति मात्र नभएर विनोद चौधरी, राजेन्द्र खेतान, राज्यलक्ष्मी गोल्छाहरूलाई समानुपातिक सांसद बनाइयो । यसले कम्युनिस्ट पार्टीको वर्गीय स्वरूपमा नै परिवर्तन आएको देखियो ।

भ्रष्टाचारको मुद्दाले पनि कम्युनिस्ट पार्टीहरूलाई चुनावमा ठूलो क्षति पुऱ्यायो । कतिपय कम्युनिस्ट नेताहरू भ्रष्टाचारका ठूला-ठूला प्रकरणमा मुछिए भने ओली सरकारले गरेका विभिन्न विवादास्पद निर्णयहरू चर्चामा रहे ।नेता र कार्यकर्ताहरूमा बढ्दो विलासिता र सादगी जीवनशैलीको त्यागले जनता र नेतृत्वबीचको दूरी बढायो । कम्युनिस्ट आन्दोलनको नैतिक आधार नै भ्रष्टाचारविहीन, सादगी र जनमुखी जीवनशैली हो, तर त्यो हराउँदै गएपछि जनताले वैकल्पिक शक्ति खोज्न थाले ।

### जनताका मुद्दाबाट विमुख हुनु

वामपन्थी राजनीतिको मूल आधार जनताका दैनिक समस्याहरूसँग जोडिनु हो । तर, सरकारमा रहेका कम्युनिस्ट पार्टीहरूले जनताका आधारभूत आवश्यकता– रोजगारी, शिक्षा, स्वास्थ्य र मूल्यवृद्धि जस्ता विषयहरूमा ध्यान दिन सकेनन् । ओली सरकारले गरेको सामाजिक सञ्जाल नियन्त्रणको प्रयास र त्यस क्रममा भएको हिंसाले युवा पुस्तामा गहिरो रोष पैदा गऱ्यो ।

'जेनजी' आन्दोलनलाई प्रतिक्रियावादी शक्तिले उपयोग गरेको पत्तै नपाई केपी सरकार गिऱ्यो । लोकतन्त्रलाई लयमा ल्याउन निर्वाचनको आवश्यकता थियो, तर वामपन्थीहरूले यसलाई आफ्नो पक्षमा ल्याउन सकेनन् ।

यसैको परिणामस्वरूप, निर्वाचनमा युवा र सहरी मतदाताहरूले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई अँगाले । रास्वपाले स्थापित दलहरूविरुद्धको आक्रोशलाई मतमा परिणत गऱ्यो । कम्युनिस्ट पार्टीहरूले २०७४ मा जुन जनलहरमा जित हासिल गरेका थिए, त्यही लहर अहिले उनीहरूविरुद्ध मोडियो । यसले के देखाउँछ भने कम्युनिस्ट पार्टीहरूले जनताको मन जित्न सकेनन्, जनताका मुद्दाहरूलाई केन्द्रमा राख्न सकेनन् र जनतासँगको संवाद गुमाए ।

### बाह्य शक्तिहरूको प्रभाव

वामपन्थी विश्लेषणमा अन्तर्राष्ट्रिय शक्ति सन्तुलन र साम्राज्यवादी प्रभावको पनि उत्तिकै महत्त्व हुन्छ । नेपालमा कम्युनिस्ट सरकारको विकास भारत र अमेरिकाजस्ता शक्तिहरूको हितसँग जोडिएको छ । ओली सरकारको पालामा चीनसँगको निकटता र भारतसँग चिसिएको सम्बन्धले भारतीय सत्ता प्रतिष्ठानलाई सन्तुष्ट बनाउन सकेन ।

विश्लेषकहरूका अनुसार, भारतको इच्छा र दबाब नेपालको राजनीतिमा प्रत्यक्ष रूपमा देखिन्छ । ओली चीन भ्रमणबाट फर्केपछि उनको सरकार ढाल्ने षड्यन्त्र भएको गाइँगुइँ पनि नसुनिएको होइन । यद्यपि यसलाई शङ्काको लाभ दिने हो भने पनि बाह्य शक्तिहरूको प्रभाव र हस्तक्षेप नेपालको राजनीतिमा यथार्थ हो ।कम्युनिस्ट विरोधी शक्तिहरूले नेपालमा कम्युनिस्ट सरकारलाई अस्थिर बनाउन भूमिका खेलिरहेकै हुन्छन् । साम्राज्यवाद र विस्तारवाद विरुद्धको सङ्घर्ष वामपन्थी आन्दोलनको अभिन्न अङ्ग हो, तर सत्तामा पुगेपछि कम्युनिस्ट पार्टीहरू यस मुद्दामा मौन बने ।

### सीमान्तकृत समुदायको उपेक्षा

मार्क्सवादले वर्गीय शोषण मात्र होइन, जातीय र लैङ्गिक उत्पीडनलाई पनि मार्क्सवादी विश्लेषणबाट हल गर्ने प्रयत्न गर्छ । नेपालको संविधान २०७२ ले धर्मनिरपेक्षता, सङ्घीयता र समावेशीकरणको वाचा गरेको थियो । तर, कम्युनिस्ट नेतृत्वको सरकारले यी वाचाहरू पूरा गर्न सकेन ।निर्वाचनमा दलित, आदिवासी जनजाति, मुस्लिम र महिलाको प्रतिनिधित्व झनै घट्यो । प्रत्यक्ष निर्वाचनमा एउटा मात्र दलित उम्मेदवार विजयी भए भने कुनै पनि मुस्लिम उम्मेदवार प्रत्यक्ष निर्वाचित हुन सकेनन् । उच्च जातीय ब्राह्मण र क्षेत्रीको प्रभुत्व झन् बलियो भयो ।कम्युनिस्ट पार्टीहरूले समावेशीकरण र सीमान्तकृत समुदायको मुक्तिको मुद्दालाई गौण बनाए । यसले ती समुदायहरूमा कम्युनिस्ट पार्टीप्रति आक्रोश बढायो र उनीहरू निर्वाचनमा तटस्थ वा विपक्षमा उभिए ।

### चुनावी गठबन्धनमा देखिएको अवसरवाद

२०७९ सालको निर्वाचनमा बनेका गठबन्धनहरू वैचारिक रूपमा विरोधाभासपूर्ण थिए । एमालेले राप्रपासँग गठबन्धन गर्दा माओवादी केन्द्रले कांग्रेससँग गठबन्धन गरेको थियो । चुनावपछि पनि माओवादी केन्द्रले कांग्रेस छाडेर एमालेसँग सरकार बनायो र केही समयपछि फेरि कांग्रेससँग सरकार बनायो ।यसरी वैचारिक आधारविनाको गठबन्धन र सत्ताका लागि जस्तोसुकै सम्झौता गर्ने प्रवृत्तिले कम्युनिस्ट पार्टीहरूको जनआधार कमजोर बनायो । राजनीतिक अवसरवादले कम्युनिस्ट आन्दोलनलाई खोक्रो बनायो । जनताले महसुस गरे कि यी पार्टीहरूमा कुनै वैचारिक स्पष्टता छैन, सत्ता प्राप्तिका लागि मात्र यी सबै रणनीति हुन् । यसले नयाँ शक्तिका रूपमा रास्वपालाई ठाउँ दियो ।

### वामपन्थी आन्दोलनको पुनर्निर्माण

नेपालमा कम्युनिस्ट पार्टीहरूको पराजयले वामपन्थी आन्दोलनको गहिरो सङ्कटलाई उजागर गरेको छ । यो सङ्कट केवल चुनावी हारको होइन, वैचारिक, सङ्गठनात्मक र नैतिक सङ्कट हो । वामपन्थी दृष्टिकोणबाट हेर्दा, यो पराजयले निम्न पाठहरू सिकाउँछःपहिलो, कम्युनिस्ट पार्टीहरूले आफ्नो वैचारिक स्पष्टता पुनःस्थापित गर्नुपर्छ । धर्मनिरपेक्षता, वैज्ञानिक समाजवाद र वर्गीय दृष्टिकोणलाई केन्द्रमा राख्नुपर्छ । हिन्दू राष्ट्र पक्षधर र प्रतिक्रियावादीसँगको साँठगाँठले कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाउँछ ।दोस्रो, पार्टीमा आन्तरिक लोकतन्त्रको विकास गर्नुपर्छ । नेतृत्व तहको व्यक्तिगत महत्त्वाकाङ्क्षा र शक्ति-सङ्घर्षले पार्टीलाई कमजोर बनाएको छ । सामूहिक नेतृत्व र वैचारिक बहसको विकास गर्न आवश्यक छ ।

तेस्रो, भ्रष्टाचार र पुँजीवादी प्रभावबाट मुक्त हुनुपर्छ । नेताहरूले जनताको सेवकका रूपमा आफूलाई पुनःस्थापित गर्नुपर्छ, ठेकेदार र व्यवसायीको हैसियतमा होइन ।चौथो, जनताका मुद्दाहरू– रोजगारी, शिक्षा, स्वास्थ्य र मूल्यवृद्धिलाई केन्द्रमा राख्नुपर्छ । युवा पुस्ता र सहरी मतदाताको आकाङ्क्षा बुझेर तिनलाई तत्काल सम्बोधन गर्नुपर्छ ।पाँचौं, सीमान्तकृत समुदाय– दलित, आदिवासी जनजाति, मुस्लिम र महिलाको मुक्ति तथा प्रतिनिधित्वको मुद्दालाई प्राथमिकतामा राख्नुपर्छ ।

नेपालको कम्युनिस्ट आन्दोलनले लामो सङ्घर्ष र बलिदानको इतिहास बोकेको छ । २०८२ को पराजय अस्थायी हो, यसले आन्दोलनको अन्त्य होइन, पुनर्निर्माणको आवश्यकता देखाएको छ । त्यागका अगाडि पराजय अस्थायी हुन्छ भन्ने इतिहासले प्रमाणित गरेको छ ।निरन्तरता र क्रियाशीलता, सही वैचारिक मार्ग र जनताप्रतिको प्रतिबद्धता पूरा भएमा कम्युनिस्ट आन्दोलन पुनर्जीवित हुन सक्छ । तर त्यसका लागि आत्मालोचना, पुनर्गठन र जनताको विश्वास पुनर्जागरणको लामो यात्रा तय गर्नुपर्ने हुन्छ ।(बास्कोटा नेपाल कम्युनिस्ट पार्टीका नेता हुन्)रातोपाटी

# छ महिनामा जे गरियो, त्यो राम्रो गरियो : मन्त्री सिन्हा



काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ले निर्वाचन र सुशासनका लागि सरकारले सक्दो काम गरेको बताउनुभएको छ ।

सिंहदरबारस्थित कानुन मन्त्रालयमा विहीबार आयोजित कार्यक्रममा उहाँले निर्वाचन समयमै गर्नुपर्ने मूल जिम्मेवारी पूरा गरेको र सुशासनका निम्ति गर्न सक्ने सक्दो काम गरेको दाबि गर्नुभयो ।

"कुनै पनि काम नरोकौँ भन्ने तरिकाले काम गरियो, प्रणाली बनाउने कर्मचारीतन्त्रले हो, कर्मचारीतन्त्रलाई विभिन्न आरोप पनि लाग्ने गरेको छ," उहाँले भन्नुभयो, "त्यो भ्रम चिर्न जरुरी छ, काम गर्ने भनेको कर्मचारीतन्त्रले नै हो ।"

मन्त्री सिन्हाले गत भदौ २४ को अप्रत्याशित देशका संरचनामा भएको क्षति र नागरिकमा सुरक्षाको प्रत्याभूतिमा गर्नुपर्ने जरुरी भएको जनाउँदै सरकारी कोषलाई जोगाएर काम गर्नुपर्नेमा चुनौती रहेको स्मरण गर्नुभयो ।

"भदौ २४ देखि २७ गतेसम्म सरकारको उपस्थिति शून्य भयो, हरितयार लुटेको प्रहरी, जलेका जुत्ता, कपडा लगाएर उहाँहरूबाटै सुरक्षा लिनुपर्ने अवस्था थियो," मन्त्री सिन्हाले भन्नुभयो, " छ महिनामा जे गरियो, त्यो राम्रो गरियो, केही गर्न बाँकी छ, आउने सरकारले गर्छ ।"

कानुनमन्त्री सिन्हाले कानुन मन्त्रालयका साथै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भएर काम गर्नुभयो । आजदेखि उहाँले औपचारिक रूपमा बिदाइ हुनुभएको छ । रासस

# कांग्रेसको १५औं महाविधेशनको कार्यतालिका सार्वजनिक

काठमाण्डु । नेपाली कांग्रेसले १५औँ महाधिवेशनको कार्यतालिका सार्वजनिक गरेको छ। बुधबारको केन्द्रीय कार्यसमिति बैठकले आगामी असोज १६ देखि १९ गतेसम्म केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने निर्णयअनुसार कार्यतालिका सार्वजनिक गरिएको हो ।

पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालका अनुसार यही चैत मसान्तसम्म क्रियाशील सदस्यता वितरण र अद्यावधिक विशेष अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ। यस अवधिमा केन्द्रबाट सदस्यता फारम वडा तहसम्म पठाउने र सदस्यता वितरणका लागि १६५ वटै क्षेत्रमा प्रतिनिधि खटाइनेछ।

आगामी वैशाख १ गतेदेखि वैशाख मसान्तसम्म छ हजार ७४३ वटै वडाबाट क्रियाशील



सदस्यता वितरण र अद्यावधिक गरिनेछ । प्रत्येक व्यक्तिले आफू सदस्यता भएकै वडाबाट सदस्यता अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।

वैशाख महिनाभरि वडामा एकमहिने सदस्यता अद्यावधिक अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ । सार्वजनिक कार्यतालिकाअनुसार जिल्लास्तरीय क्रियाशील सदस्यता प्रारम्भिक छानबिन समितिमा परेका उजुरीउपर छानबिन गरी आगामी जेठ मसान्तसम्म केन्द्रमा पठाउनु पर्नेछ । केन्द्रले सदस्यतामा आवश्यक छानबिन गरी आगामी असार १५ गतेसम्म टुङ्गो लगाउने समयसीमा तोकिएको छ ।

यस्तै, अद्यावधिक क्रियाशील सदस्यको नामावली केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि २०८३ असार मसान्तसम्मलाई तोकिएको छ।

केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची अधिवेशन प्रक्रिया सुरु हुनुपूर्व नै निर्वाचन समितिलाई उपलब्ध गराई अधिवेशन प्रक्रिया अगाडि बढाउने पार्टीले निर्णय गरेको छ ।

कार्यतालिकाअनुसार, आगामी भदौ २ गते सबै वडा समितिको सम्पन्न गर्ने र क्षेत्रीय प्रतिनिधि चयन गरिनेछ भने भदौ ७ गते गाउँ नगरपालिका अधिवेशन गरिनेछ । भदौ १७ गते प्रदेशसभा क्षेत्रीय अधिवेशन र एक मात्र क्षेत्र भएका जिल्लाको जिल्ला अधिवेशन गर्ने र महाधिवेशन गरिनेछ। यस्तै, आगामी असोज २ र ३ गते जिल्ला अधिवेशन गरिनेछ।

यस्तै, महाविधेशनका अन्य कार्यक्रम तय गर्नुका साथै विभिन्न १६ वटा निर्णय गरिएका पार्टी केन्द्रीय कार्यालयका कावा मुख्यसचिव दुलालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। रासस

## प्रतिपक्षमा रहेर रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्नेछौँः अध्यक्ष राई



काठमाण्डु। श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले आफ्नो पार्टी संसद्मा रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताउनुभएको छ। नवनिर्वाचित सांसदको सपथ समारोहमा सहभागी हुन विहीबार सिंहदरबारस्थित संसद् भवन पुग्नुभएका उहाँले सञ्चारकर्मीसँग सरकारलाई सिर्जनात्मकसहयोगरआलोचनात्मक समर्थन गर्ने बताउनुभयो।

"प्रतिपक्षमा रहेर सरकारलाई जवाफदेशी बनाउन प्रश्न गर्छौं, सहयोग गर्छौं, सरकारले गर्नुपर्ने काममा प्रतिपक्षले रचनात्मक सहयोग गर्नेछ। सरकार र देशलाई सघाउने पक्षमा सदैव सकारात्मक भूमिकामा रहने छौं। प्रतिपक्षमा रहेर सशक्त भूमिका निर्वाह गर्छौं", अध्यक्ष राईले भन्नुभयो। सुनसरी क्षेत्र नं १ बाट निर्वाचित सांसद राईले देशभर स्वच्छ पिउने पानीको पहुँच पुऱ्याउन आफू लागिपर्ने बताउनुभयो। रासस

# पहिचानको महत्व बुझाउन परम्परागत वेषभूषामा सांसद्

काडमाण्डु। आमाले सिलाइदिएको लहङ्गा र चोलियासहित पुर्खौली थारु वेषभूषामा सजिएकी सांसद गीता चौधरीले संसद्मा आफ्नै थारु मातृभाषामा सपथ लिनुभयो। उहाँले सपथ लिन आउँदा सानी छोरीलाई परम्परागत वेषभूषामा सजाएर ल्याउनुभयो।

"मेरो समुदायका लागि आज गौरवको दिन हो", सांसद चौधरीले प्रतिनिधिसभामा सपथ लिएपछि प्रतिक्रिया दिँदै भन्नुभयो, "सङ्घीयताको मर्मअनुसार मौलिक पहिचान लिएर थारु वेषभूषामा आएकी हुँ, आमा र देश मेरा लागि उस्ता उस्तै हो।" उहाँले आफूले लगाएको पहिरन आमाले सिलाइ दिएको बताउनुभयो।

संसद् देशका जनताको



प्रतिविम्ब झल्किने साझा फूलबारी जस्तै भएकाले पहिचान खुलाएर आउनु सान्दर्भिक लागेको सांसद चौधरीले बताउनुभयो। उहाँले भन्नुभयो, "मैले छोरीलाई परम्परागत लुगा लगाएर ल्याएकी छु। जुन आउने पुस्तालाई संस्कृति हस्तान्तरण गराउनु जरुरी छ।"

शिरमा लगाएको पुर्खौली गहना 'मङ्गौरी', घाटीमा लगाउनेमाला 'टौक'लगायत चाँदीले बनेका गहना देखाउँदै सांसद चौधरीले यी सबै गरगहना पुस्तौनी रहेको बताउनुभयो। सङ्घीयताको मर्म र भावना अनुरुप प्रतिनिधिसभामा समावेशिताको अर्थ बुझाउन सांसद चौधरीले जस्तै परम्परागत वेषभूषामा उपस्थिति हुनुभएको थियो।

परम्परागत पहिरनमा सबैको ध्यान तान्नुभएका सांसदमध्ये सांसद सुधन गुरुङ एक हुनुहन्थ्यो। गोर्खाका गुरुङले टोपीको शिरमा खुकुरीको आकृति झल्काउँदै गुरुङ समुदायको पोसाकमा संसद्मा पुग्नुभयो। सधैँ जस्तै, कोटपाइन्टमा देखिने गुरुङ परम्परागत भेषमा सपथ खानुभएको थियो। पहिरनसँगै मुहारमा उत्साह र जोश झल्किएको थियो।

आमसञ्चारलाई प्रतिक्रिया दिने क्रममा उहाँले भन्नुभयो, "जनताको भावना मर्न दिने छैनौं।"

नेपाली कम्युनिष्ट पार्टीबाट सांसद हुनुभएका दाङका सांसद भीमकुमारी बुढामगरले समावेशीको सन्देश दिन पुर्खौली वेषभूषामा सपथ ग्रहण गर्न आएको बताउनुभयो। मगर समुदाय सांस्कृतिक हिसाबले अत्यन्त समृद्ध समुदाय रहेको सुनाउँदै समाजमा समुदायको पहिचान स्थापित गर्न पहिरनले महत्वपूर्ण सन्देश झल्किने धारणा राख्नुभयो।

"सांस्कृतिक महत्व कहिल्यै भुल्नुहुँदैन", सांसद बुढामगरले भन्नुभयो, "यही लगाएर हुर्किए यही लगाएर संसद्मा आएँ।"

रास्वपाका सांसद महोत्तरीका प्रमोदकुमार महतोले श्रीराम लेखिएको गम्छा, शिरमा रातो रुमाल र कुर्था सुरुवाल लगाउनुभएको थियो। उहाँका अनुसार तराई क्षेत्रको आभाव गराउने आधार पहिरन भएको बताउँदै उहाँले संसद्मा तराईको अस्थित्व महसुस गराउन लगाएको बताउनुभयो। "पहिरनले अपनत्व महसुस गराउछ भने राष्ट्रिय भाव बलियो बनाउछ", सांसद महतोले भन्नुभयो, "म सांसद नहुँदा मौलिक पहिरन नै लगाउछु।

आज संसद्मा उपस्थिति हुँदा नलगाउने कुरै भएन।" संसद्मा उपस्थिति अरु सांसदहरुले समुदायको भाव झल्किने पहिरनमा उत्साहका साथ देखा पर्नुभएको थियो।

ट्रान्सजेण्डरको प्रतिनिधित्व गर्दै रास्वपाबाट सांसद भन्नुभएकी भूमिका श्रेष्ठ आफ्नो नेवार समुदायको संस्कृति झल्किने हाकुपटासी सारीमा देखिनुभयो। उहाँले त्यसै अनुसारको नेवार गरगहना लगाउनुभएको थियो। संसद्मा एउटा सांसदले समुदायदेखि राष्ट्रको अस्थित्व सम्बोधन गर्नुपर्ने हुँदापरम्परागतपहिरनमासजिएको बताउनुभयो। "समुदायको सम्मानसँगै, जनताको सेवा गर्नुपर्छ", सांसद श्रेष्ठले भन्नुभयो। रासस

# संसद्मा 'सिट प्लान' एउटै विपक्षी बेन्चमा कांग्रेस, एमाले र नेकपा




काठमाण्डु। संसदीय यात्रामा सत्तापक्ष त कहिले प्रमुख या प्रतिपक्ष भएर सदनका बैठकमा बस्दै आएका तीन राजनीतिक दल नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी अब भने एउटै बेन्चमा बस्ने भएका छन्।

गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामले यी तीन पार्टीको तत्कालको संसदीय स्थान प्रतिपक्ष बेन्च तय गरिदिएको हो। यसअघि मुलुकका प्रमुख तीन दलको पहिचानमा रहँदै आएको थियो।

विसं २०६३ मा लोकतन्त्रको स्थापना र तत्कालीन नेकपा (माओवादी) शान्ति प्रक्रियामा आएपछि गठन भएको अन्तरिम संसद्मा यी तीनवटै दल एउटै बेन्चमा थिए। तर, २०६४ सालको संविधानसभा निर्वाचनबाट बनेको सभा र त्यसपछिका संसद्हरूमा भने कांग्रेस, एमाले र माओवादीमध्ये कुनै दुई दल सत्तामा हुँदा प्रायः एक दल प्रतिपक्षमा बस्ने गरेको अवस्था थियो।

तीनवटै दल एउटै बेन्चमा बस्न लागेको भने यो पहिलोपटक हो। यसपटक तीन दलमध्ये कांग्रेस प्रमुख प्रतिपक्ष र अन्य दुई दल प्रतिपक्षको भूमिका रहनेछन्। एउटै विपक्षी बेन्चमा तीन दल रहनेछन्। गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनपछि आज मात्र प्रतिनिधिसभा सदस्यहरूले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको हो।

समारोहमा सभा ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले नवनिर्वाचित सांसदहरूलाई शपथ गराउनुभयो। शपथका क्रममा तीन दलका सांसदहरू प्रतिपक्षी बेन्चमा उभिएर शपथ लिनुभयो। राजनीतिक दलहरूको सिट सङ्ख्याका आधारमा सङ्घीय संसद् सचिवालयले दलहरूको बस्ने बेन्चको व्यवस्था गरेको छ। रासस

# त्रिसठ्ठीभन्दा बढी सांसदद्वारा मातृभाषामा शपथ

काठमाण्डु । विहीबार सङ्घीय संसद्को प्रतिनिधिसभा सदस्यमा निर्वाचित सदस्यहरूले शपथ लिनुभएको छ। कुल २७५ सांसदमध्ये ६३ भन्दा बढी सांसद्ले मातृभाषामा शपथ लिने जानकारी संसद् सचिवालयलाई गराउनुभएको थियो।

सिंहदबारस्थित संसद् भवनमा प्रतिनिधिसभाको ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीद्वारा सांसदहरूले शपथ लिनुभएको हो। मातृभाषामा शपथ ग्रहण गर्ने सांसदहरूमा यज्ञबहादुर बोगटीले अछामी, मोहम्मद इस्तियाक राईले अवधि, आकृति अवस्थीले डोटेली, गङ्गा छन्त्यालले छन्त्याल, करिस्मा कठरियाले 'कठरीया थारू' भाषामा शपथ लिनुभएको छ।

त्यसैगरी निश्कल राईले चाम्लिङ र दीपकराज बोहराले डोटेली भाषामा शपथ लिनुभयो। सुजाता तामाङ र परशुराम तामाङले तामाङ भाषामा शपथ लिनुभयो। कान्त चौधरी, अशोककुमार चौधरी, गीता चौधरी, पुष्पाकुमारी चौधरी, प्रमिलाकुमारी गच्छदार र सुरेन्द्र चौधरीले थारू भाषामा शपथ लिनुभयो।

अनुष्का श्रेष्ठ, कुलभक्त शाक्य, कुशुम महर्जन, कपा महर्जन, विराजभक्त श्रेष्ठ, गङ्गालक्ष्मी अवाल, बुद्धरत्न महर्जन, मदनकृष्ण



श्रेष्ठ, रुकेश रन्जितले नेपाल भाषामा शपथ लिनुभएको छ।

नितिमा भण्डारी (कार्की), रबिन महतो, रवीन्द्र पटेल र राजेशकुमार चौधरीले बज्जिका भाषामा शपथ लिनुभयो। त्यसैगरी ऐनबहादुर महरले बझाङ्गी भाषामा शपथ लिनुभयो।

माधवराज राईले बान्तावा, कन्हैया बनिया, अरविन्द साह, बुद्धिप्रसाद पन्त, सुशीलकुमार कानुले भोजपुरी भाषामा शपथ लिनुभयो। रेनुका काउचाले मगर खाम भाषामा शपथ लिनुभयो। प्रमोदकुमार महतो, राजकिशोर महतोले मगही भाषामा शपथ लिनुभयो।

अङ्किता ठाकुर, आशा झा, उज्ज्वलकुमार झा, दीपककुमार साह, कामिनी कुमारी, जोगकुमार बरबरिया यादव, तपेश्वर यादव, दीपककुमार साह, नरेन्द्रसाह कलवार, निशा मेहता, पुरुषोत्तम शुप्रभात यादव, मनिष झा, मातृकाप्रसाद यादव, रामजी यादव, रुवी कुमारी, शम्भुकुमार यादव, शिव शङ्कर यादव,सीताराम साहले मैथिली भाषामा शपथ लिनुभयो। कृपाराम रानाले राना थारू भाषामा शपथ लिनुभयो।

त्यसैगरी पूर्णप्रसाद लिम्बू,सन्तोष सुब्बा, सुहाङ नेम्बाङले लिम्बू मातृभाषामा शपथ लिनुभयो। खुश्बु ओलीले संस्कृत भाषामा शपथ लिनुभएको हो। प्रतिनिधिसभाका सहायक प्रवक्ता (उपसचिव) अनन्तप्रसाद कोइरालाले मातृभाषामा शपथ लिने भनेर सुरुमा ६२ जनाले नाम टिपाउनु भएकामा पछि बिस्तारै थपिँदै गएको र कतिले लिएको भन्ने यकिन गर्ने काम भइरहेको बताउनुभयो। रासस

# सुशासन, समृद्धि र जनताको प्रगतिको विषयमा कांग्रेस प्रतिबद्ध छः प्रवक्ता चालिसे

पाटन । नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले सुशासन, समृद्धि र जनताको प्रगतिको विषयमा कांग्रेस प्रतिबद्ध रहेको बताउनुभएको छ।

पार्टीद्वारा केन्द्रीय कार्यालय सानेपामा विहीबार आयोजित पत्रकार सम्मेलनमा सञ्चारकर्मीहरुलाई जानकारी दिनुहुँदै प्रवक्ता चालिसेले कांग्रेस सत्तामा मात्रै हैन प्रतिपक्षमा बसेर पनि रचनात्मक भूमिका निर्वाह गर्छ भन्दै जनताले अभिव्यक्त गरेको मतलाई पार्टीले सम्मान गर्दै सोहीअनुसार भूमिका निर्वाह गर्ने बताउनुभयो।

"कांग्रेस निर्वाचनका लागि मात्रै हैन, निर्वाचन नै नहुने समयमा पार्टी क्रियाशील थियो, निर्वाचन हुने वातावरण नेपाली कांग्रेसले नै तयार गरेको हो, सही विषयमा कांग्रेस सरकारको साथमा हुन्छ, लोकतान्त्रिक मूल्यमान्यता र जनताको अधिकार रक्षाका लागि कांग्रेसले प्राथमिकता दिन्छ, नेपालको अर्थतन्त्रको सबैभन्दा ठूलो स्रोत रेमिट्यान्स हो, अर्थतन्त्र सङ्कटको अवस्थामा छ, सङ्कटमा सहयोगी प्रतिपक्षको भूमिका निर्वाह गर्छौं", प्रवक्ता चालिसेले भन्नुभयो।

प्रवक्ता चालिसेले १६५ निर्वाचन क्षेत्रको समीक्षा गर्दै सुधार्ने र सुध्रिने प्रयास गर्नेछौं भन्दै यो निर्वाचनको परिणाम अप्रत्याशित




भएको धारणा राख्नुभयो।

"कांग्रेसले संरचनागतदेखि नीतिगत सुधारका लागि ध्यान दिन्छ, पार्टीलाई रुपान्तरण गर्न व्यापक सुधार गर्ने कार्यमा ध्यान दिन्छ", प्रवक्ता चालिसेले भन्नुभयो। उहाँले देशमा बारम्बार उठेको विषय सुशासन भएको भन्दै २०४६ सालदेखि २०८२ सालसम्म सार्वजनिक तहमा बसेका व्यक्तिको सम्पति छानबिन होस् भन्नेमा जोड दिनुभयो।

"सरकारले सम्पत्ति छानवीन र सुशासनमा ध्यान दिनुपर्छ, अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण हुनुहुँदैन । पात्र र प्रवृत्ति सही हुनुपर्छ, छानबिन गर्ने आयोग सरकारले बनाओस्, कांग्रेसले सहयोग गर्छ, सफा र स्वच्छ राजनीति हुनुपर्छ, भ्रष्टाचार सामाजिक समस्या हो, यसको समाधान गर्नुपर्छ, यो केवल भोट

> "प्रतिवेदनमा २३ गतेको घटनालाई लिइएको छ, तर २४ गतेको घटनालाई हेरिएको छैन, सरोकारवाला र विज्ञहरुको समिति बनाएर कार्की आयोगको प्रतिवेदन र मानवअधिकार आयोगको प्रतिवेदनका विषयमा छलफल हुन्छ"

बटुल्ने माध्यम बन्नु हुँदैन", प्रवक्ता चालिसेले भन्नुभयो।

प्रवक्ता चालिसेले यो निर्वाचनमा पार्टी नबदल्ने र मत बदल्ने साथीहरू पनि छन् भन्दै यसमा भरपर्दो वातावरण बनाउन तथा पार्टीको अनुशासनलाई प्रभावकारी बनाउन अभिमुखीकरण गर्नुपर्ने छ भन्नुभयो।

"अबको सुधारका लागि क्रियाशील सदस्यताबाटै सुरुआत हुन्छ, सबैले सम्बन्धित वडामा गएर क्रियाशील सदस्यताको तथ्याङ्क राख्नुपर्ने छ, सदस्यहरुको निष्क्रियता बदल्न यो प्रक्रिया गर्न गइरहेका छौं, पछिल्लो पटक पार्टीको अनुशासनलाई बढी महत्व दिएका छौं, समयको परिवर्तनसँगै नेताहरुको शैली, व्यवहार र भाषा परिवर्तन हुनु आवश्यक छ, यसकालागि लिडरसीप तालिम लिनु आवश्यक छ", प्रवक्ता चालिसेले भन्नुभयो।

प्रवक्ता चालिसेले संसदिभत्र भूमिका राम्रो भएन भने सांसदहरूलाई फिर्ता बोलाउन सक्ने व्यवस्था विधानभित्रै व्यवस्था गरिएको छ भन्नुभयो। उहाँले जेनजेड आन्दोलनको विषयमा आएको प्रतिवेदन अधुरो र अपूर्ण रहेको धारणा राख्नुभयो । "प्रतिवेदनमा २३ गतेको घटानालाई लिइएको छ, तर २४ गतेको घटनालाई हेरिएको छैन, सरोकारवाला र विज्ञहरुको समिति बनाएर कार्की आयोगको प्रतिवेदनरमानवअधिकारआयोगको प्रतिवेदनका विषयमा छलफल हुन्छ", उहाँले भन्नुभयो।

पार्टीको भातृ संस्थाको बारेमा छलफल भइ चुस्तदुरुस्त बनाउन दुई महामन्त्रीको समन्वयमा समिति बनाएका छौं भन्दै प्रवक्ता चालिसेले पार्टीको विधान, नीति र निर्देशिका परिवर्तन गर्नका लागि सहमहामन्त्री योगेन्द्र चौधरीको नेतृत्वमा समिति बनाएको जानकारी दिनुभयो । रासस

# देश र जनताका पक्षमा दृढतापूर्वक काम गर्न सांसदलाई अध्यक्ष ओलीको निर्देशन



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनको परिणामबाट निराश नभई देश र जनताका पक्षमा दृढतापूर्वक काम गर्न आफ्ना सांसदहरूलाई निर्देशन दिनुभएको छ। प्रतिनिधिसभाका नवनिर्वाचित सांसदहरूले विहीबार शपथ लिएलगत्तै पार्टी केन्द्रीय कार्यालय च्यासलमा आयोजित कार्यक्रममा उहाँले प्रतिनिधिसभा र राष्ट्रियसभामा रहेका आफ्ना सांसदलाई जनहित र राष्ट्र निर्माणलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिनुभएको हो।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष ओलीले यसअघि पनि पार्टीले देश र जनता पक्षमा काम गरेको स्मरण गराउँदै आगामी दिनमा पनि मुलुकको समृद्धिका पक्षमा काम गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले आफूहरू सत्य, समृद्धि र विकासको मार्गमा रहेकाले आफूविरुद्ध हुनसक्ने गलत प्रचारविरुद्ध दृढतापूर्वक सामना गर्दै अघि बढ्नुपर्ने बताउनुभयो।

"हामीविरुद्ध तथ्य र तर्कमा आधारित नभई असभ्य र भ्रमपूर्ण रूपमा प्रहार हुनसक्ने भएकाले त्यसको डटेर सामना गर्न एकजुट हुनुको विकल्प छैन। अहिले नै हामीले हरेस खानुपर्ने कुनै आवश्यकता छैन। हामी सत्यको मार्गमा थियौँ, छौँ र रहनेछौँ", उहाँले भन्नुभयो "यस अवस्थामा हाम्रो पार्टी एकताबद्ध र एक ढिक्का भएर अगाडि बढ्नुपर्छ। पार्टीका नीति र निर्णयबमोजिम अनुशासित भएर नेता र सांसद प्रस्तुत हुनुपर्छ।"

अध्यक्ष ओलीले अहिले विश्व राजनीतिमा अराजकता हाबी भएको भन्दै संयुक्त राष्ट्रसङ्घजस्ता निकाय निष्प्रभावी भएका बताउनुभयो। कार्यक्रममा एमालेका उपाध्यक्ष रामबहादुर थापा बादल, महासचिव शङ्कर पोखरेल, सचिव पद्मा अर्याललगायत सहभागी हुनुहुन्थ्यो। रासस

# मध्य पूर्व द्वन्द्व चर्किँदै, वार्ता अनिश्चित

एएफपी

पेरिस । मध्य पूर्वमा जारी द्वन्द्व थप जटिल बन्दै गएको छ । एकातिर सैन्य आक्रमण तीव्र भइरहेका छन् भने अर्कोतिर कूटनीतिक पहलहरू अस्पष्ट र विरोधाभासी देखिएका छन् । इजरायल र इरानबीच प्रत्यक्ष आक्रमण आदानप्रदानसँगै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शक्तिहरूको भूमिकाले युद्धको दिशा अझ अनिश्चित बनाएको छ ।




इजरायली सेनाले बिहीबार इरानका विभिन्न स्थानहरू, विशेषतः इस्फहानजस्ता केन्द्रीय सहरहरूमा आक्रमणको लहर चलाएको जनाएको छ । यसको जवाफमा इरानले प्रक्षेप्यास्त्र आक्रमण गरेपछि इजरायलले आफ्नो हवाई प्रतिरक्षा प्रणाली सक्रिय पारेको थियो । यस क्रममा काफ्र कासेम क्षेत्रमा दुई जना सामान्य घाइते भएको चिकित्सकहरूले बताएका छन् ।

युद्धको उद्देश्यबारे पनि नयाँ बहस सुरु भएको छ । पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले सामाजिक सञ्जालमार्फत स्ट्रेट अफ होर्मुज पुनः खोल्ने विषय युद्धको केन्द्रमा सरेको सङ्केत गर्नुभएको छ । सो जलमार्ग बन्द हुनु अन्तर्राष्ट्रिय ऊर्जा आपूर्तिमा ठूलो असर पार्ने भएकाले यसको रणनीतिक महत्त्व उच्च छ ।

युद्धको असर विश्व अर्थतन्त्रमा समेत देखिएको छ । तेलको मूल्यमा वृद्धि भएको छ भने सेयर बजारमा मिश्रित प्रतिक्रिया देखिएको छ । ब्रेन्ट क्रुडको मूल्य एक प्रतिशतले बढेर १०३.२५ डलर प्रति ब्यारेल पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेट १.२ प्रतिशतले बढेर ९१.४१ डलरमा कारोबार भइरहेको छ । एसियाली बजारमा उतारचढाव देखिँदा लगानीकर्ताहरू सम्भावित कूटनीतिक समाधानको प्रतीक्षामा छन् ।

चीनले भने परिस्थिति सुधारतर्फ सानो आशा देखिएको जनाएको छ । चिनियाँ विदेशमन्त्री वाङ यीले टर्की र इजिप्टका समकक्षीसँगको संवादमा इरान र अमेरिका दुवै वार्तामा फर्कन इच्छुक देखिएको सङ्केत गर्नुभएको छ । तर यो दाबी अन्य पक्षहरूको भनाइसँग मेल खाँदैन ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान वार्तामा संलग्न रहेको तर सार्वजनिक रूपमा स्वीकार गर्न डराइरहेको आरोप लगाउनुभएको छ । उहाँका अनुसार इरानी वार्ताकारहरू आफ्नै पक्षबाट जोखिममा पर्न सक्ने डरले खुलेर कुरा गर्न सकिरहेका छैनन् । तर इरानका विदेशमन्त्री अब्बास अराघचीले स्पष्ट रूपमा वार्ता अस्वीकार गर्दै वर्तमान नीति 'प्रतिरोध' मा आधारित रहेको बताउनुभएको छ । उहाँले वार्ता गर्नु भनेको हार स्वीकार्नु सरह हुने धारणा राख्नुभएको छ ।

> युद्धको उद्देश्यबारे पनि नयाँ बहस सुरु भएको छ । पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले सामाजिक सञ्जालमार्फत स्ट्रेट अफ होर्मुज पुनः खोल्ने विषय युद्धको केन्द्रमा सरेको सङ्केत गर्नुभएको छ ।

यसबीच अमेरिकाले इरानको सैन्य क्षमतामा ठुलो क्षति पुऱ्याएको दाबी गरेको छ । अमेरिकी सेनाका अधिकारीका अनुसार इरानका दुई तिहाइ मिसाइल तथा ड्रोन उत्पादन संरचना ध्वस्त पारिएको छ र आक्रमण क्षमतामा ९० प्रतिशतसम्म गिरावट आएको छ ।

क्षेत्रीय तनाव थप बढाउने घटनाहरू पनि भएका छन् । कुवेतले इरान समर्थित हिजबुल्लाहसँग सम्बन्धित रहेको आरोपमा छ जनालाई पक्राउ गरेको छ, जसले देशभित्र आक्रमणको योजना बनाइरहेका थिए । उता इरानका संसद् अध्यक्ष मोहम्मद बाघेर घालीबाफले केही शत्रुहरूले क्षेत्रीय सहयोगमा इरानी टापुहरू कब्जा गर्ने योजना बनाइरहेको चेतावनी दिनुभएको छ ।

खाडी क्षेत्रका देशहरू–साउदी अरब, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, बहराइन र जोर्डन–ले संयुक्त वक्तव्य जारी गर्दै इराकलाई आफ्नो भूमिबाट इरान समर्थित समूहहरूद्वारा हुने आक्रमण रोक्न आग्रह गरेका छन् ।

यसैबीच, लेबनानस्थित हिजबुल्लाह समूहले इजरायलसँग कुनै पनि युद्धविराम वार्ता अस्वीकार गरेको छ । समूहका प्रमुख नइम कासिमले यस्तो वार्ता आत्मसमर्पण बराबर हुने बताउनुभएको छ । समूहले पछिल्लो दिन ८० भन्दा बढी आक्रमण गरेको दाबी गरेको छ भने दक्षिण लेबनानमा इजरायली आक्रमणबाट कम्तीमा आठ जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ ।

विपरीत दाबीहरूको बीचमा अमेरिकी पक्षले भने वार्ता जारी रहेको जनाएको छ । ह्वाइट हाउसका अनुसार अमेरिका र इरानबीच संवाद भइरहेको र त्यसले केही प्रगति समेत देखाएको छ, यद्यपि यसको विवरण पूर्ण रूपमा सार्वजनिक गरिएको छैन ।

# भेनेजुएलाका अपदस्त राष्ट्रपति मदुरोलाई दोस्रो सुनुवाइका लागि बिहीबार न्यूयोर्कस्थित अदालतमा पेश

एएफपी

न्यूयोर्क । भेनेजुएलाका अपदस्थ राष्ट्रपति निकोलस मदुरोलाई बिहीबार दोस्रो पटक न्यूयोर्कको एक अदालतमा बिहीबार सुनुवाईका लागि उपस्थित गराइएको छ ।



अमेरिकी सेनाले भेनेजुयालाको राष्ट्रपति भवनमा छापा मारी पक्राउ परेपछि उहाँलाई जनवरीमा अमेरिका पुऱ्याइएको थियो र उहाँमाथि अमेरिकाले लगाएको 'नार्को-आतङ्कवाद', कोकिन कारोबार, मेसिनगन र विध्वंसक उपकरणहरू राखेको र मेसिनगन र विनाशकारी उपकरणहरू राख्ने षड्यन्त्र गरेको चार अभियोगमा न्यायिक कारबाहीका लागि उक्त अदालतमा पेश गरिएको थियो ।

मदुरोसँगै र उहाँकी पत्नी सिलिया फ्लोरेसलाई पनि लगिएको थियो र तीन महिनादेखि ब्रुकलिनको जेलमा राखिएको छ ।

मदुरोले आफूलाई 'युद्धबन्दी' ोषित गर्नुभएको छ तर 'नार्को-आतङ्कवाद' षड्यन्त्र, कोकिन आयात षड्यन्त्र, मेसिनगन र विध्वंसक उपकरणहरू राखेको र मेसिनगन र विनाशकारी उपकरणहरू राख्ने षड्यन्त्र गरेको चार अभियोगमा दोषी नभएको दावी गर्नुभएको छ।

बिहीबारको सुनुवाइमा बिहान ११:०० बजे मदुरोले आफ्नो मुद्दा खारेज गर्न आफ्नो अडान दोहोर्याउने सम्भावना छ । उहाँको मुद्दा हेरिरहेका वकिलहरूले पूर्व नेताको कानुनी शुल्क कसले तिर्ने भन्ने विषयमा निर्णयको पर्खाइमा रहेका छन्।

भेनेजुयलाको सरकारले खर्च बेहोर्न खोजिरहेको छ, तर वाशिङ्गटनको प्रतिबन्धका कारण, उहाँका वकिल ब्यारी पोलाकले अमेरिकी लाइसेन्स लिनु पर्छ जुन जारी गरिएको छैन।

पोलाकले अदालतमा पेश गरेको निवेदनमा तर्क गर्नुभएको छ, "लाइसेन्सको आवश्यकताले मदुरोको कानुनी प्रतिनिधित्वको संवैधानिक अधिकारको उल्लङ्घन गरेको छ र प्रक्रियागत आधारमा मुद्दा खारेज गर्न माग गर्दछ।"

मदुरो र फ्लोरेसलाई बोकेको मानिएको एक प्रहरी लस्कर बिहान ४:०० बजे जेलबाट म्यानह्याटन अदालत पुग्न जेलबाट बाहिरिएको एएफपीका पत्रकारहरूले देखेको बताएका छन्।

ब्रुकलिनको 'महानगरीय कैदी केन्द्रमा हिरासत'मा रहेका मदुरोलाई इन्टरनेट वा अखबारको पहुँच नभएको कोठामा एक्लै राखिएको छ ।

भेनेजुएला सरकार निकट स्रोतका अनुसार जेलमा रहेका मदुरोले बाइबल पढ्नुहुन्छ र उहाँका केही सहकर्मीले उहाँलाई 'राष्ट्रपति' भनेर सम्बोधन गर्छन् ।

स्रोतका अनुसार उहाँले आफ्नो परिवार र वकिलसँग फोनमा अधिकतम १५ मिनेट मात्र कुराकानी गर्न पाउनुहुन्छ ।

वकिलहरूले हामी (पत्रकार) लाई दिएको जानकारीमा मदुरो 'सशक्त' रहेको बताइएको छ । उहाँका छोरा निकोलस मदुरो गुएराले आफ्ना पिताका सम्बन्धमा सोधिएको प्रश्नमा भन्नुभयो, "हामी ठीक छौं किनकि हामी लडाकु हौं ।"

मदुरो र उहाँकी पत्नीलाई अमेरिकी कमान्डोहरूले जनवरी ३ को बिहान भेनेजुएलाको राजधानीमा लडाकु विमानको सहयोगमा हवाई आक्रमण गरेर जबरजस्ती नियन्त्रणमा लिई गोप्यरूपमा अमेरिका पुर्याएका थिए ।

# 'सदाका रसायन' के हुन् ? किन खतरनाक ?

एएफपी

हेलसिन्की । दैनिक जीवनमा प्रयोग हुने धेरै सामान्य सामानमा पाइने तर शरीर र वातावरणमा सजिलै नटुट्ने रसायनहरूलाई 'सदाका लागि रसायन' भनिन्छ । यिनै रसायनका कारण स्वास्थ्य र वातावरणमा दीर्घकालीन असर पर्ने जोखिम बढेपछि युरोपेली सङ्घ (इयु) ले तीमाथि कडा नियन्त्रणको तयारी थालेको छ ।

वैज्ञानिक रूपमा यी रसायनहरूलाई पीएफएएस (पर- एन्ड पोलिफ्लोरोआल्किल पदार्थ) भनिन्छ । यी १० हजारभन्दा बढी प्रकारका रसायनहरूको समूह हो, जुन नन-स्टिक भाँडा (जस्तै टेफलोन प्यान), पानी वा दाग नलाग्ने कपडा, कार्पेट, खाद्य प्याकेजिङ (जस्तै पिज्जा बक्स) जस्ता वस्तुहरूमा प्रयोग गरिन्छ । यी रसायनको विशेषता के हो भने– एकपटक वातावरण वा शरीरमा पुगेपछि सजिलै नष्ट हुँदैनन् । त्यसैले तिनलाई 'सदाका लागि' अर्थात् लामो समयसम्म रहने रसायन भनिएको हो ।

विज्ञहरूका अनुसार यी पदार्थहरू पानी, माटो र खाना हुँदै मानव शरीरमा प्रवेश गर्छन् । शरीरभित्र प्रवेश गरेपछि पनि वर्षौंसम्म रहन सक्छन् । दीर्घकालीन रूपमा यिनको सम्पर्कमा रहँदा कलेजोमा क्षति, उच्च कोलेस्ट्रोल, प्रतिरक्षा प्रणाली कमजोर हुनु, सन्तान उत्पादनमा समस्या तथा क्यान्सरसमेत हुने जोखिम देखिएको छ ।

यही कारणले युरोपियन केमिकल्स एजेन्सीअन्तर्गतका दुई विज्ञ समितिहरूले यी रसायनहरूलाई नियन्त्रण गर्न कडा कदम चाल्नुपर्ने निष्कर्ष निकालेका छन् । जोखिम मूल्याङ्कन समिति (आरएसी) ले त यी रसायनमाथि पूर्ण प्रतिबन्ध नै सबैभन्दा प्रभावकारी उपाय हुने जनाएको छ । तर सामाजिक-आर्थिक विश्लेषण समिति (एसइएसी) ले भने सबै क्षेत्रमा तत्काल पूर्ण प्रतिबन्ध सम्भव नहुन सक्ने भन्दै केही आवश्यक क्षेत्र–जस्तै चिकित्सा–का लागि सीमित छुटसहित व्यापक प्रतिबन्धको सुझाव दिएको छ ।




यसैअनुसार इयुले दैनिक उपभोगका धेरै सामग्रीमा पीएफएएस प्रयोग रोक्ने तयारी गरिरहेको छ । साथै, उत्पादनमा स्पष्ट लेबलिङ र उद्योगहरूका लागि विशेष सुरक्षा मापदण्ड लागू गर्ने योजना पनि अघि बढाइएको छ । यसअघि नै पिउने पानीमा यस्ता रसायनको मात्रा कडाइका साथ सीमित गरिएको छ भने खाद्य प्याकेजिङ र खेलौनामा पनि क्रमशः प्रतिबन्ध लागू गरिँदैछ ।

एक अध्ययनअनुसार, यदि यी रसायनको प्रयोग नियन्त्रण नगरेमा सन् २०५० सम्म युरोपमा मात्रै स्वास्थ्य र वातावरणीय क्षतिको लागत १७ खर्ब युरोसम्म पुग्न सक्छ ।

समग्रमा, 'सदाका रसायन' भन्नाले त्यस्ता कृत्रिम रसायनहरू बुझिन्छन्, जुन उपयोगी भए पनि वातावरण र मानव शरीरमा लामो समयसम्म रहिरहने र गम्भीर असर पार्ने क्षमता राख्छन् । यही कारण अहिले विश्वभर यिनको प्रयोग घटाउने वा नियन्त्रण गर्ने बहस तीव्र हुँदै गएको छ ।

# उत्तर कोरिया–बेलारुस सम्बन्ध नयाँ चरणमा

एएफपी

सियोल । पश्चिमी प्रतिबन्ध र भू-राजनीतिक दबाबबीच उत्तर कोरिया र बेलारुसले आफ्नो सम्बन्धलाई औपचारिक रूपमा नयाँ उचाइमा पुऱ्याएका छन् । दुई देशका नेताहरूले 'मित्रता र सहयोग' सन्धिमा हस्ताक्षर गर्दै द्विपक्षीय सहकार्यलाई सुदृढ गर्ने सन्देश दिएका छन् । यसलाई बदलिँदो विश्व शक्ति सन्तुलनको सन्दर्भमा अर्थपूर्ण रूपमा हेरिएको छ ।



प्योङयाङमा भएको भेटवार्ताका क्रममा उत्तर कोरियाली नेता किम जोङ उनले बेलारुसका राष्ट्रपति अलेक्जान्डर लुकाशेन्कोलाई न्यानो स्वागत गर्नुभएको राज्य सञ्चारमाध्यमहरूले जनाएका छन् । लुकाशेन्कोको यो उत्तर कोरियाको पहिलो भ्रमण हो, जसलाई दुवै देशबीचको सम्बन्ध विस्तारको सङ्केतका रूपमा लिइएको छ ।

भेटका क्रममा लुकाशेन्कोले सोभियत युगदेखि कायम मित्रतालाई स्मरण गर्दै अहिलेको चरणलाई ' नयाँ विकासको युग' का रूपमा व्याख्या गर्नुभयो । उहाँले विश्वका प्रमुख शक्तिहरूले अन्तर्राष्ट्रिय कानूनको बेवास्ता गरिरहेको आरोप लगाउँदै स्वतन्त्र राष्ट्रहरूले अझ नजिक सहकार्य गर्नुपर्ने धारणा राख्नुभयो ।

यसअघि राजधानी प्योङयाङस्थित किम इल सुङ स्क्वायरमा भव्य स्वागत कार्यक्रम आयोजना गरिएको थियो, जहाँ तोप सलामी र सैनिक परेडमार्फत लुकाशेन्कोलाई सम्मान गरिएको थियो ।

भ्रमणका क्रममा उहाँले कुमसुसन प्यालेस अफ द सन पुगेर किम जोङ उनका पिता र हजुरबुबाप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । साथै उहाँले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको तर्फबाट पनि पुष्पगुच्छा अर्पण गर्नुभएको जनाइएको छ ।

यो सहकार्यलाई व्यापक रूपमा चीन र रुसले अघि बढाइरहेको 'बहुध्रुवीय विश्व' अवधारणासँग जोडेर हेरिएको छ । उत्तर कोरिया र बेलारुस दुवैले युक्रेन युद्धमा रुसलाई समर्थन गर्दै आएका छन् । बेलारुसले आफ्नो भूभागलाई आक्रमणका लागि प्रयोग गर्न दिएको छ भने उत्तर कोरियाले हजारौँ सैनिक, साथै हतियार र गोला-बारुद सहयोग गरेको पश्चिमी तथा दक्षिण कोरियाली गुप्तचर निकायहरूले अनुमान गरेका छन् ।

यसअघि सन् २०२४ मा रुस र उत्तर कोरियाबीच भएको रणनीतिक साझेदारी सम्झौताले दुवै पक्षलाई आवश्यक परे सैन्य सहयोग गर्न बाध्य बनाएको छ । विश्लेषकहरूका अनुसार यस सहकार्यबाट उत्तर कोरियाले आर्थिक सहायता, खाद्यान्न, ऊर्जा र सैन्य प्रविधि प्राप्त गरिरहेको छ । यसले उसलाई चीनमाथिको निर्भरता घटाउन सहयोग पुऱ्याइरहेको छ ।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो दोस्रो कार्यकालमा बेलारुससँग सम्बन्ध सुधार गर्ने प्रयास गर्नुभएको छ । उहाँले प्रतिबन्धहरू केही खुकुलो बनाउँदै बेलारुसलाई आफ्नो ' शान्ति पहल' मा सहभागी गराउने सङ्केत दिनुभयो । ट्रम्पले आफ्नो पहिलो कार्यकालमा किम जोङ उनसँग तीन पटक भेट गरिसक्नुभएको थियो र पुनः भेटघाटको सम्भावना पनि चर्चामा रहेको छ । यद्यपि हालको इरानसम्बन्धी तनावले त्यसमा ढिलाइ भएको बताइएको छ ।

बेलारुसका विदेशमन्त्री म्याक्सिम राइजेनकोभका अनुसार नयाँ सन्धिसँगै कृषि, औद्योगिक उत्पादन र व्यापारका विभिन्न क्षेत्रमा सहकार्य विस्तार गरिनेछ । उहाँले विशेष रूपमा औषधि उत्पादन र खाद्यान्न आपूर्तिमा सहकार्यको सम्भावना औँल्याउनुभयो । साथै उत्तर कोरियाबाट कस्मेटिक उत्पादनहरू आयात गर्ने विषयमा पनि चासो देखाइएको छ ।

विश्लेषक ली हो-रयुङका अनुसार यो भ्रमणको मुख्य उद्देश्य पश्चिमी प्रभावविरुद्ध उभिएका राष्ट्रहरूबीच एकता प्रदर्शन गर्नु हो । उहाँका अनुसार किम जोङ उनले यस अवसरलाई आफ्नो कूटनीतिक प्रभाव विस्तार गर्ने र वैकल्पिक शक्ति समूहलाई बलियो बनाउने प्रयासका रूपमा प्रयोग गर्नुभएको छ ।

# सुडानमा भएको ड्रोन आक्रमणमा २८ जनाको मृत्यु : स्वास्थ्यकर्मी



एएफपी

खार्तुम । सुडानमा भएको ड्रोन आक्रमणमा, कम्तीमा २८ जना सर्वसाधारणको मृत्यु भएको स्वास्थ्यकर्मीलाई उदृत गर्दै बिहीबार एएफपीले जनाएको छ ।

सुडानी सेना र अर्ध-सैनिक द्रुत समर्थन बल (आरएसएफ) बीचको तीन वर्षको युद्धको कारण हाल दैनिक ड्रोन आक्रमणमा वृद्धि भएको छ जसमा एकै पटकमा दर्जनौंको निर्दोश नागरिकको ज्यान गएको जनाइएको छ ।

उत्तरी डार्फर राज्यको सराफ ओमरा सहरको बजारमा भएको आक्रमणमा एक शिशु सहित २२ जनाको मृत्यु हुनका साथै थप १७ जना घाइते भएको स्थानीय क्लिनिकका एक स्वास्थ्य कार्यकर्तालाई उदृत गर्दै एएफपीले बताएको छ ।

ड्रोनले पार्क गरिएको तेल ट्याङकमा प्रहार गर्दा ट्याङ्करसहित बजारको केही भागमा आगो लागेको सराफ ओमरा र दुर्गम दारफुर क्षेत्रका बजारका बिक्रेता हमिद सुलेमानले बताउनु भएको छ ।

डार्फरमा आरएसएफको गढबाट करिब ८०० किलोमिटर पूर्वमा भएको अर्को ड्रोन आक्रमणका कारण सेनाको क्षेत्रको उत्तरी कोर्डोफान सडकमा कुदीरहेको ट्रकमा आगो लागेको जनाइएको छ ।

अस्पतालमा आएका छ वटा शवहरू आइपुगेका मध्ये तीनवटा जलेका थिए, १० जना घाइते भएको जनाइएको छ ।

थिए", एल-राहादको स्थानीय अस्पतालमा चिकित्सा स्रोतले आक्रमणका लागि आरएसएफलाई दोष दिँदै एएफपीलाई बताए।


सुडानको युद्धले दशौं हजारको ज्यान लिनुका साथै लगभग एक करोड १० लाख विस्थापित भएको जनाइएको छ ।

# केन्द्रमा चन्द्रमा, चीनको अन्तरिक्ष महत्वाकांक्षा तीव्र

एएफपी

बेइजिङ । चन्द्रमालाई केन्द्रमा राख्दै चीनले अन्तरिक्ष क्षेत्रमा आफ्नो दीर्घकालीन रणनीति तीव्र बनाएको छ, जसले विश्व शक्ति सन्तुलनमै प्रभाव पार्ने सङ्केत देखिएको छ । सन् २०३० भित्र मानवलाई चन्द्रमामा पुऱ्याउने लक्ष्यसहित अघि बढिरहेको चीनले त्यसपछि चन्द्र आधार निर्माण र अन्ततः मङ्गल ग्रहसम्म पुग्ने महत्त्वाकांक्षा सार्वजनिक गरेको छ, जसले अमेरिकाको परम्परागत वर्चस्वलाई चुनौती दिने अवस्था सिर्जना गरिरहेको छ ।

अमेरिकी अन्तरिक्ष एजेन्सी नासा आफ्नो आर्टेमिस-२ मानवयुक्त चन्द्र अभियानको तयारीमा जुटिरहेका बेला चीनले भने आफ्नो दीर्घकालीन योजनाअनुसार स्थिर रूपमा कार्यक्रम अगाडि बढाइरहेको छ । सन् १९९२ सेप्टेम्बर २१ मा सुरु गरिएको चीनको चालक दल अन्तरिक्ष कार्यक्रम 'प्रोजेक्ट ९२१' अहिले परिपक्व चरणमा पुगेको मानिन्छ । सन् २००३ मा अन्तरिक्ष यात्री याङ लिवेइले पहिलो उडान गरेपछि चीनले करिब १५ वटा मानवयुक्त मिशन सफलतापूर्वक सञ्चालन गरिसकेको छ ।



सन् २०११ मा अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनबाट अलग भएपछि चीनले आफ्नै ' टियाङ्गोङ' अन्तरिक्ष स्टेशन निर्माण गऱ्यो, जसले २०२१ देखि अन्तरिक्ष यात्रीहरूलाई बसोबास गराउँदै आएको छ । हाल तीन जना चिनियाँ अन्तरिक्ष यात्री उक्त स्टेशनमा रहेका छन् । यस प्लेटफर्ममार्फत चीनले स्पेसवाक, डकिङ, मर्मतसम्भार तथा मानव शरीरमा अन्तरिक्षको प्रभावबारे व्यापक अनुभव सङ्कलन गरिरहेको छ । उल्लेखनीय कुरा के छ भने, चीनको कुनै पनि मानवयुक्त प्रक्षेपण अहिलेसम्म दुर्घटनाग्रस्त भएको छैन ।

विशेषज्ञहरूका अनुसार चीनको अन्तरिक्ष कार्यक्रमको मुख्य शक्ति यसको स्थिर नीति र दीर्घकालीन योजना हो । अस्ट्रेलियाको म्याक्वेरी विश्वविद्यालयका प्राध्यापक रिचर्ड डे ग्रिजका अनुसार उच्च राजनीतिक प्रतिबद्धता, निरन्तर लगानी र औद्योगिक संरचनाको एकीकृत विकासले चीनलाई निरन्तर प्रगति गर्न सहयोग गरेको छ । उहाँले पश्चिमी देशहरूमा जस्तो राजनीतिक चक्रसँगै प्राथमिकता परिवर्तन नहुने भएकाले चीनको मोडेल बढी पूर्वानुमानयोग्य र जोखिम व्यवस्थापनका हिसाबले प्रभावकारी रहेको उल्लेख गर्नुभयो ।

चीनले सन् २०३० सम्ममा चन्द्रमामा मानव अवतरण गराउने योजना अघि सारेको छ । यसका लागि आवश्यक प्रविधिहरू तीव्र रूपमा विकास भइरहेका छन् । सन् २०२६ मा 'मेङ्झाउ' नामक नयाँ अन्तरिक्ष यान परीक्षण उडानका लागि तयार पारिँदैछ, जसले पुरानो 'शेन्झाउ' लाई प्रतिस्थापन गर्नेछ । त्यस्तै, ' लङ मार्च-१०' नामक शक्तिशाली रकेट विकासको अन्तिम चरणमा पुगेको छ, जसले अन्तरिक्ष यानलाई चन्द्र कक्षामा पुऱ्याउनेछ । चन्द्र सतहमा अवतरणका लागि 'लान्यु' ल्यान्डर सन् २०२८-२०२९ बीच परीक्षण हुने अपेक्षा गरिएको छ ।

चीनको लक्ष्य केवल अवतरणमा सीमित छैन । उसले सन् २०३५ सम्ममा चन्द्रमाको दक्षिणी ध्रुव नजिकै 'अन्तर्राष्ट्रिय लुनार रिसर्च स्टेशन' स्थापना गर्ने योजना बनाएको छ । उक्त क्षेत्रमा पानीको सम्भावना भएकाले वैज्ञानिक तथा रणनीतिक हिसाबले महत्त्वपूर्ण मानिन्छ । यो परियोजनामा रूससँग सहकार्य भइरहेको छ । चन्द्रमाको माटोबाट थ्रीडी प्रिन्टर प्रयोग गरी इँटा निर्माण गरेर आधार बनाउने प्रविधि परीक्षणकै चरणमा छ, जसलाई 'चाङ-८' मिशनमार्फत चन्द्रमामा प्रयोग गर्ने तयारी छ ।

चीनले चन्द्रमाको टाढाको भागसँग पृथ्वीको सञ्चार सहज बनाउन रिले उपग्रहहरूको नेटवर्क पनि विकास गरिरहेको छ । यसले भविष्यका दीर्घकालीन मिशनहरूलाई सहज बनाउने अपेक्षा गरिएको छ ।

यद्यपि चीनले यसलाई औपचारिक रूपमा अमेरिकासँगको प्रतिस्पर्धा मान्दैन । खगोलशास्त्री जोनाथन म्याकडवेलका अनुसार चीनका लागि चन्द्रमा कुनै प्रतिस्पर्धाको प्रतीक नभई स्वाभाविक प्रगतिको अर्को चरण हो । तर उहाँले चन्द्र आधार स्थापना भएमा सीमित उपयुक्त स्थानका कारण अमेरिकाका लागि चुनौती उत्पन्न हुने बताउनुभयो ।

हालका लागि चीन अझै मानव अन्तरिक्ष उडान प्रविधिमा अमेरिकाभन्दा केही पछि रहेको विश्लेषकहरू बताउँछन् ।

# नेप्से परिसूचक १४ अङ्कले बढ्यो

काठमाण्डु । यो साताको कारोबारको अन्तिम दिन विहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको सुधार देखिएको छ । विहीबार नेप्से परिसूचक १४ दशमलव २१ अङ्कले बढेर दुई हजार ९५० दशमलव १६ को विन्दुमा कायम भएको हो ।

विहीबार ३४३ कम्पनीको तीन करोड चार लाख ३८ हजार ३१५ कित्ता शेयर एक लाख ४२ हजार ७३४ पटक खरिदबिक्री हुँदा रु १३ अर्ब १६ करोड २२ लाख ९९ हजार १७ दशमलव ४८ को कारोबार भएको नेप्सेले जनाएको छ ।

लगानी शून्य दशमलव ५१, उत्पादन तथा प्रशोधन एक दशमलव ५०, लघुवित्त शून्य दशमलव २०, निर्जीवन बिमा शून्य दशमलव ४३ र अन्य समूह शून्य दशमलव ६५ प्रतिशतले बढेका छन् ।

विहीबार रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, सुपर खुदी हाइड्रोपावर लिमिटेड र होटल फरेन्ट इन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी पञ्चकन्या माई हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ४८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका



विहीबारको कारोबारमा विकास बैंक शून्य दशमलव शून्य पाँच, जीवन बिमा शून्य दशमलव शून्य चार र व्यापार समूह दुई दशमलव ८४ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

बैंकिङ शून्य दशमलव ३७, वित्त शून्य दशमलव १७, होटल तथा पर्यटन एक दशमलव ५६, जलविद्युत् एक दशमलव ५६,

आधारमा विहीबार सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको रु ९४ करोड २९ लाख ८० हजार ४६ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी नेसनल हाइड्रोपावर कम्पनी लिमिटेडको १४ लाख ८३ हजार ३३१ कित्ता शेयर किनबेच भएको छ । रासस

# अमेरिकी डलरको भाउ बढ्यो



काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले विहीबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारण गरिएको विनिमयदरअनुसार अमेरिकी डलरको भाउ बढेको छ ।

निर्धारित विनिमयदर अमेरिकी डलर एकको खरिददर १५० रुपैयाँ ०७ पैसा र बिक्रीदर १५० रुपैयाँ ६७ पैसा तोकिएको छ । यस्तै, युरोपियन युरो एकको खरिददर १७४ रुपैयाँ १७ पैसा र बिक्रीदर १७४ रुपैयाँ ८७ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर २०१ रुपैयाँ ३० पैसा र बिक्रीदर २०२ रुपैयाँ ११ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १९० रुपैयाँ २३ पैसा र बिक्रीदर १९० रुपैयाँ ९९ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर १०४ रुपैयाँ ६१ पैसा र बिक्रीदर १०५ रुपैयाँ ०२ पैसा, क्यानेडियन डलर एकको खरिददर १०८ रुपैयाँ ८० पैसा र बिक्रीदर १०९ रुपैयाँ २४ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११७ रुपैयाँ ३६ पैसा र बिक्रीदर ११७ रुपैयाँ ८३ पैसा तोकिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ४५ पैसा र बिक्रीदर नौ रुपैयाँ ४८ पैसा, चिनियाँ युआन एकको खरिददर २१ रुपैयाँ ७६ पैसा र बिक्रीदर २१ रुपैयाँ ८५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४० रुपैयाँ र बिक्रीदर ४० रुपैयाँ १६ पैसा, कतारी रियाल एकको खरिददर ४१ रुपैयाँ १६ पैसा र बिक्रीदर ४१ रुपैयाँ ३२ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ६२ पैसा र बिक्रीदर चार रुपैयाँ ६४ पैसा, युएई दिराम एकको खरिददर ४० रुपैयाँ ८६ पैसा र बिक्रीदर ४१ रुपैयाँ ०२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ८५ पैसा र बिक्रीदर ३८ रुपैयाँ, साउथ कोरियन वन १०० को खरिददर १० रुपैयाँ ०२ पैसा र बिक्रीदर १० रुपैयाँ ०६ पैसा, स्विडिस क्रोनर एकको खरिददर १६ रुपैयाँ १५ पैसा र बिक्रीदर १६ रुपैयाँ २२ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ ३१ पैसा र बिक्रीदर २३ रुपैयाँ ४० पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ २० पैसा र बिक्रीदर १९ रुपैयाँ २७ पैसा, कुवेती दिनार एकको खरिददर ४८९ रुपैयाँ ६२ पैसा र बिक्रीदर ४९१ रुपैयाँ ५८ पैसा, बहराइन दिनार एकको खरिददर ३९७ रुपैयाँ ४८ पैसा र बिक्रीदर ३९९ रुपैयाँ ०७ पैसा, ओमनी रियाल एकको खरिददर ३८९ रुपैयाँ ७९ पैसा र बिक्रीदर ३९१ रुपैयाँ ३५ पैसा रहेको छ ।

यस्तै,भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ । रासस

# चैते धान रोप्न व्यस्त सुनसरीका किसान



धरान । सुनसरीका किसान यतिबेला चैते धान रोप्न व्यस्त छन् । पर्याप्त सिँचाइ सुविधा पुगेका र सिमसार क्षेत्रका किसानलाई हाल धान रोपाइँ गर्न भ्याइनभ्याइ छ ।

जिल्लामा चैते (हिउँदे) र बर्खे गरी दुईपटक धान उत्पादन हुने गरेको छ । मकैभन्दा धानबाट राम्रो उत्पादन हुने र दुईपटक धान लगाउँदा एक बाली बिक्री गरेर आम्दानी गर्न सकिने भएकाले यसतर्फ किसानको आकर्षण छ ।

सुनसरीको रामधुनी नगरपालिका-६ का किसान भावना माझीका अनुसार एउटै खेतमा वर्षमा तीनपटकसम्म बाली लगाउन सकिन्छ । चैते धान समयमा रोपाइँ गर्न सकियो भने उत्पादन पनि राम्रो हुन्छ । एउटै खेतबारीमा बर्खे धान, चैते धानका साथै फापर/तोरी लगाइने गरेको उहाँले बताउनुभयो ।

जिल्लामा हाल चार हजार ६०० हेक्टर क्षेत्रफलमा चैते धान खेती हुने गरेको छ । गत वर्ष चार हजार छ हेक्टरमा गरिएको चैते धानखेतीबाट २३ हजार १६० मेट्रिकटन धान उत्पादन भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी प्रवीनलाल श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "चैते धानमा बर्खे धानको तुलनामा रोग तथा कीरा कम लाग्ने र उत्पादन पनि राम्रो हुने भएकाले किसानको आकर्षण बढ्दो छ । जिल्लामा विशेषगरी चैते-१, चैते-५ र हर्दिनाथ-३ जातको धान बढी रोप्ने गरिएको छ । चैते धानको उत्पादन राम्रो हुने र बजार मूल्यसमेत अनुकूल रहने भएकाले किसानले चैते धानखेती गर्न रुचाउने गरेका छन् ।"

सुनसरीको बराहक्षेत्र नगरपालिका-५, ६ र ७, रामधुनी नगरपालिका-६, ७ र ९, भोक्राहा तथा इटहरीलगायत क्षेत्रमा चैते धान रोपाइँ बढी हुने गरेको छ ।

नहर तथा पैनी सिँचाइ सुविधा पुगेका र तरकारीखेती कम हुने क्षेत्रमा यस्तो धानखेती बढी हुने गरेको सूचना अधिकारी श्रेष्ठले बताउनुभयो ।

रामधुनी-७ का किसान डम्बर माझीले चैत महिनाभित्र रोपाइँ सके राम्रो उत्पादन हुने भएकाले हाल आफूहरू धान रोपाइँमा व्यस्त रहेको बताउनुभयो । "चैत २० देखि २२ गतेभित्र रोपिसक्नुपर्छ, चैत महिनापछि रोपाइँ हुँदा उत्पादन कम हुन्छ", उहाँले भन्नुभयो ।रासस

# यस्तो छ आजका लागि कृषिउपजको थोक मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले आजका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ८०, गोलभैँडा सानो (लोकल) प्रतिकिलो रु ४०, गोलभैँडा सानो (भारतीय) प्रतिकिलो रु ४५, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु ५०, आलु रातो प्रतिकिलो रु २०, आलु रातो (भारतीय) प्रतिकिलो रु २२ र प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ३६ रहेको छ ।



यसैगरी, गाजर (लोकल) प्रतिकिलो रु ४०, गाजर (तराई) प्रतिकिलो रु ३०, बन्दा (लोकल) प्रतिकिलो रु ३०, बन्दा (नरिबल) प्रतिकिलो रु २५, काउली स्थानीय प्रतिकिलो रु ८०, काउली स्थानीय (ज्यापु) प्रतिकिलो रु ९०, काउली तराई प्रतिकिलो रु ६५, सेतो मूला (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ६० र भन्टा डल्लो प्रतिकिलो रु ७५ कायम भएको छ ।

त्यसैगरी, बोडी (तने) प्रतिकिलो रु १६०, मटरकोसा प्रतिकिलो रु ५०, घिउ सिमी (लोकल) प्रतिकिलो रु १२०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु १००, घिउ सिमी (राजमा) प्रतिकिलो रु १००, टाटे सिमी प्रतिकिलो रु ८०, तिते करेला प्रतिकिलो रु १६०, लौका प्रतिकिलो रु १००, परवर (तराई) प्रतिकिलो रु ११०, घिरौँला प्रतिकिलो रु १२०, फर्सी पाकेको प्रतिकिलो रु ६५, हरियो फर्सी (लाम्चो) प्रतिकिलो रु १००, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ६०, भिन्डी प्रतिकिलो १५०, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ७०, पिँडालु प्रतिकिलो रु ६० र स्कुस प्रतिकिलो रु ६० कायम गरिएको छ ।

रायोसाग प्रतिकिलो रु ८०, पालुङ्गो प्रतिकेजी रु ११०, चमसुर प्रतिकिलो रु ११०, तोरीसाग प्रतिकिलो रु ५०, मेथी प्रतिकिलो रु ११०, हरियो प्याज प्रतिकिलो रु ७०, बकुला प्रतिकिलो रु ५५, तरुल प्रतिकिलो रु ७०, च्याउ (कन्य) प्रतिकिलो रु १८०, च्याउ (डल्ले) प्रतिकिलो रु ३२०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु १,००० निर्धारण गरिएको छ ।

कुरिलो प्रतिकिलो रु ५००, निगुरो प्रतिकिलो रु ८०, ब्रोकाउली प्रतिकिलो रु १००, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकेजी रु १४०, कोइरालो प्रतिकिलो रु १८०, रातो बन्दा प्रतिकिलो रु ६०, जिरीको साग प्रतिकिलो रु ६०, ग्याठकोभी प्रतिकिलो रु ६०, सेलरी प्रतिकिलो रु १२०, पार्सले प्रतिकिलो रु २००, सौफको साग प्रतिकिलो रु ११०, पुदिना प्रतिकिलो रु १२०, गान्टे मूला प्रतिकिलो रु ५०, इमली प्रतिकिलो रु १८०, तामा प्रतिकिलो रु १३०, तोफु प्रतिकिलो रु १५०, गुन्द्रुक प्रतिकिलो रु ३२० र रूखटमाटर प्रतिकेजी रु ३०० तोकिएको छ ।

स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फुजी) प्रतिकिलो रु ३००, केरा (दर्जन) रु २२०, कागती प्रतिकिलो रु २५०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २२०, अङ्गुर (कालो) प्रतिकिलो रु ३५०, सुन्तला (भारतीय) प्रतिकिलो रु १५०, तरबुजा हरियो प्रतिकिलो रु ५०, भुइँकटहर प्रतिगोटा रु १७०, काँक्रो (लोकल) प्रतिकिलो रु ५५, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ३५, काँक्रो (लोकलक्रस) प्रतिकिलो रु ४५, रुखकटहर प्रतिकिलो रु १२०, निबुवा प्रतिकिलो रु ८०, नास्पाती (चाइनिज) प्रतिकिलो रु २५०, मेवा (नेपाली) प्रतिकिलो रु ७०, मेवा (भारतीय) प्रतिकिलो रु ११०, किनु प्रतिकिलो रु १३०, स्ट्रबेरी प्रतिकिलो रु ३५०, किबी प्रतिकिलो रु ४०० र एभोकाडो प्रतिकिलो रु ४०० निर्धारण गरिएको छ ।

यसैगरी, अमला प्रतिकिलो रु २००, अदुवा प्रतिकिलो रु ११०, सुकेको खुर्सानी प्रतिकिलो रु ४२०, खुर्सानी (हरियो) प्रतिकिलो रु १५०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु १३०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ८०, खुर्सानी हरियो (अकबरे) प्रतिकिलो रु ८००, भेडे खुर्सानी प्रतिकिलो रु १००, हरियो लसुन प्रतिकिलो रु ६०, हरियो धनियाँ प्रतिकिलो रु ८०, लसुन सुकेको (चाइनिज) प्रतिकिलो रु २५०, लसुन सुकेको (नेपाली) प्रतिकिलो रु २००, छ्यापी सुकेको प्रतिकिलो रु १२०, छ्यापी हरियो प्रतिकिलो रु ६०, माछा सुकेको प्रतिकिलो रु १,०००, ताजा माछा (रहु) प्रतिकिलो रु ३५०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २८० र ताजा माछा (छडी) प्रतिकिलो रु २५० निर्धारण गरिएको छ । रासस

# दुई फर्मलाई जरिवाना, १७ लाई निर्देशन




काठमाण्डु । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले स्थलगत अनुमगनका क्रममा कैफियत भेटिएपछि दुईवटा फर्मलाई नगद जरिवाना गरेको छ ।

विभागले बुधबार एक विज्ञप्ति जारी गरी पिलग्रिम्स ग्रोसरी प्रालि स्वयम्भूलाई रु दुई लाख एक हजार बराबरको जरिवाना र आरएस किराना तथा ग्यास पसल ललितपुर भैँसेपाटीलाई रु १० हजार जरिवान गरेको जनाएको छ । यस्तै, थप १७ वटा फर्मलाई भने सुधारात्मक निर्देशन दिइएको जनाएको हो ।

उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम ती फर्मलाई जरिवाना गरिएको विभागले स्पष्ट पारेको छ । विभागले नियमित रूपमा स्थानीय जनप्रतिनिधि, उपभोक्ता अधिकारकर्मी तथा सरोकार भएकाहरूको सहभागितामा नियमित रूपमा बजारको अनुमगन तथा निरीक्षण गर्दै आएको छ ।

विभागले गरेको अनुमगन तथा कारबाहीका कारण बजारमा कालोबजारीको नियन्त्रण तथा गैरकानुनी क्रियाकलापमा कमी आएको दाबी गरेको छ । रासस

# पोखरा र कोशीबीच पर्यटकीय साझेदारीमा जोड



विराटनगर । होटल सङ्घ नेपाल(हान) पोखराको आयोजना एवं नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको सहकार्यमा पूर्वी नेपालमा जारी 'जाउँ है पोखरा' अभियानअन्तर्गत यहाँ आयोजित कार्यक्रममा पोखरा र कोशी प्रदेशबीच पर्यटकीय साझेदारी हुनुपर्नेमा जोड दिइएको छ ।

पर्यटन राजधानी पोखरासहित गण्डकी प्रदेश र नेपालको औद्योगिक सहरका रुपमा परिचित विराटनगरसहित कोशी प्रदेश आफैँमा धेरै पर्यटकीय सम्भावनायुक्त सहर भएको भन्दै कार्यक्रमका वक्ताले पर्यटकीय साझेदारीले दुवै सहरहरू लाभान्वित हुने बताए ।

होटल सङ्घ नेपाल कोशी प्रदेशका अध्यक्ष राजन श्रेष्ठले पर्यटकीय साझेदारीबाट गण्डकी र कोशी दुवै प्रदेश लाभान्वित हुने बताउनुभयो । गण्डकी प्रदेशसँगको पर्यटकीय साझेदारीकै लागि यसअघि प्रदेशका पर्यटनमन्त्री स्तरीय समिति गठनसँगै पर्यटन सम्बद्ध सङ्घसंस्थाबीच पनि महत्वपूर्ण प्रयासहरू भइसककेको बताउँदै उहाँले यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो ।

होटेल सङ्घ नेपाल कोशी प्रदेशका उपाध्यक्ष भवि श्रेष्ठले नेपालकै राम्रो सहर पोखराको माछापुच्छ्रे र विश्वकै सर्वोच्च शिखर सगरमाथा रहेको प्रदेश कोशीबीच धेरै पर्यटकीय सम्भाव्यता रहेको बताउनुभयो ।

पोखराको विन्ध्यवासिनीदेखि कोशीकोबराहक्षेत्रलगायतकाधार्मिक पर्यटकीय गन्तव्यमा पर्यटकीय साझेदारीमार्फत ठूलो सङ्ख्यामा पर्यटक आदानप्रदान गर्न सकिने उहाँले जानकारी दिनुभयो । होटेल सङ्घ नेपाल पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले आन्तरिक पर्यटनकै उद्देश्यका साथ विगत २५ वर्षयता नेपालका प्रमुख सहरहरूमा 'जाउँ है पोखरा' कार्यक्रम सञ्चालन भइरहेको बताउँदै आफूहरू पर्यटकीय साझेदारीका लागि निरन्तर लागिरहेको बताउनुभयो ।

यही चैत २९ गतेदेखि वैशाख १ गतेसम्म पोखरामा फेवा नववर्ष महोत्सव गर्न लागिएको बताउँदै उहाँले उक्त अवसरमा पोखराका होटलमा २५ प्रतिशत छुटसहितको प्याकेज रहेको जानकारी गराउनुभयो ।

पोखराको होटल क्षेत्रमा मात्रै रु छ खर्ब बढी लगानी भइसकेको बताउँदै उहाँले यहाँ पर्यटकलाई लक्षित गरी बनाइएका एक हजार २०० को सङ्ख्याका होटलले दैनिक ४० हजार जनासम्म पर्यटकलाई सेवा दिन सक्ने जानकारी दिनुभयो ।रासस

# नेप्सेद्वारा मार्जिन कारोबार कार्यप्रक्रिया लागू

काठमाण्डु । नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)ले सेयर बजारमा मार्जिन कारोबारलाई सुरक्षित, पारदर्शी र व्यवस्थित बनाउन नयाँ 'मार्जिन कारोबार सुविधासम्बन्धी कार्यप्रक्रिया, २०८२' लागू गरेको छ ।

नेपाल धितोपत्र बोर्ड (सेबोन) को मार्जिक कारोबारसम्बन्धी निर्देशिका, २०८२ को व्यवस्थाअनुसार तयार गरिएको उक्त कार्यप्रक्रियाले मार्जिन ट्रेडिङलाई औपचारिक र नियमनको दायरामा ल्याउने लक्ष्य राखेको नेप्सेले जनाएको छ । मार्जिन कारोबार भन्नाले धितोपत्र दलाल (ब्रोकर) मार्फत ऋण लिएर सेयर किनबेच गर्ने व्यवस्था हो । यसका लागि लगानीकर्ताले कारोबार अघि 'प्रारम्भिक मार्जिन' अनिवार्य रूपमा राख्नुपर्नेछ भने कारोबारपछि 'सम्भार मार्जिन' कायम राख्नुपर्ने प्रावधान गरिएको छ ।

मार्जिन कारोबार सेवा दिन चाहने ब्रोकर कम्पनीहरूले नेप्सेबाट अनिवार्य अनुमति लिनुपर्नेछ । यसका लागि कम्तीमा रू २० करोड चुक्ता पुँजी, राफसाफ सदस्यता तथा निक्षेप सदस्यसँग सम्बन्धित संरचना अनिवार्य गरिएको छ । साथै, सेबोनको अनुमतिपत्र र नेप्से सदस्यता नभएसम्म यस्तो सेवा दिन पाइने छैन ।




नेप्सेले तोकेका निश्चित मापदण्ड पूरा गरेका कम्पनीका सेयरमा मात्र मार्जिन कारोबार गर्न पाइनेछ । कम्तीमा २५ लाख कित्ता सेयर सार्वजनिक रूपमा जारी भएको, नेटवर्थ चुक्ता पुँजी बराबर वा सोभन्दा बढी भएको, पछिल्लो तीन वर्षमध्ये दुई वर्ष नाफामा रहेको र आइपीओ निष्कासन भएको कम्तीमा दुई वर्ष पूरा भएको कम्पनीका सेयर मात्र यसमा समावेश हुनेछन् ।

नेप्सेले प्रत्येक आर्थिक वर्षमा यस्ता कम्पनीको सूची सार्वजनिक गर्नेछ र आवश्यक परे अद्यावधिक गर्नेछ । सूचीबाट हटाइएका कम्पनीमा भने ३० कारोबार दिनभित्र मार्जिन सुविधा बन्द गर्नुपर्ने वा शतप्रतिशत मार्जिन कायम गर्नुपर्नेछ । मार्जिन कारोबार गर्न चाहने लगानीकर्ताले ब्रोकरमार्फत छुट्टै खाता खोल्नुपर्नेछ । ग्राहक परिचय विवरण अनिवार्य हुनेछ र ब्रोकरसँग औपचारिक सम्झौता गर्नुपर्नेछ । नियमअनुसार लगानीकर्ताले खरिद रकमको न्यूनतम ३० प्रतिशत प्रारम्भिक मार्जिन राख्नुपर्नेछ । त्यसपछि बजारको अवस्था हेरी कम्तीमा २० प्रतिशत सम्भार मार्जिन कायम राख्नुपर्ने व्यवस्था गरिएको छ ।

यदि सेयर मूल्य घटेर सम्भार मार्जिन कायम हुन सकेन भने ब्रोकरले लगानीकर्तालाई 'मार्जिन कल' गर्नेछ । यस्तो अवस्थामा लगानीकर्ताले अर्को कारोबार दिनअघि आवश्यक रकम वा थप सेयर जम्मा गर्नुपर्नेछ । निर्धारित समयभित्र मार्जिन कायम नगरेमा ब्रोकरले लगानीकर्ताको अनुमतिविना नै मार्जिन खातामा रहेका सेयर बिक्री गर्न सक्ने प्रावधान राखिएको छ । अझ गम्भीर अवस्थामा मार्जिन १५ प्रतिशतभन्दा तल झरेमा तत्काल सेयर बिक्री गर्न सकिनेछ ।

कार्यप्रक्रियाले बजार जोखिम व्यवस्थापनलाई प्राथमिकता दिएको देखिन्छ । ब्रोकरले आवश्यक ठानेमा ३० प्रतिशतभन्दा बढी प्रारम्भिक मार्जिन माग गर्न सक्नेछन् । साथै, 'ए', 'बी' र 'जी' वर्गका सेयरलाई धितोका रूपमा प्रयोग गर्न सकिनेछ, तर तिनको मूल्याङ्कन बजार मूल्यको ६० प्रतिशत मात्र मानिनेछ । बोनस सेयर स्वतः धितोमा समावेश हुने तथा हकप्रद सेयरको हकमा छुट्टै सम्भार मार्जिन निर्धारण गर्न सकिने व्यवस्था गरिएको छ ।

नयाँ कार्यप्रक्रियाले नेपालमा मार्जिन ट्रेडिङलाई संस्थागत बनाउने र अनियन्त्रित कर्जामा आधारित सेयर कारोबारलाई नियन्त्रण गर्ने अपेक्षा गरिएको छ । यसले एकातिर लगानीकर्तालाई थप अवसर दिने भए पनि जोखिम व्यवस्थापनका कडा प्रावधानले साना लगानीकर्तामाथि दबाब बढ्न सक्ने विश्लेषण गरिएको छ ।रासस

# रेडक्रस सोसाइटी धनुषाले सदस्यता वितरणमा भेदभाव गरेको आरोप



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयले साधारण सदस्यता वितरण गर्न देशभर रहेका आफ्नो मातहतका शाखालाई निर्देशन छ । तर सो निर्देशनसहितको परिपत्रलाई बेवास्ता गर्दै नेपाल रेडक्रस सोसाइटी धनुषाले सदस्यता वितरणको आदेशको समेत उल्लंघन गरेको भन्दै सोसाइटीको केन्द्रीय कार्यालयलाई जिल्ला प्रशासन कार्यालय धनुषामार्फत ज्ञापनपत्र बुझाउँदै शाखा विघटनको माग गरेको छ।

केन्द्रीय कार्यालयको आदेशको उल्लंघन गरी पटकपटक सदस्यताका लागि भेदभाव गरेको हुनाले अविलम्ब विघटन गर्न रामसिंह यादव, धीरेन्द्र मोहन झा, रामचन्द्र शाह, मोहन उपाध्याय र रामबाबु शाहले सो ज्ञापन पत्र बुझाएका छन् ।

सोसाइटी धनुषा शाखाले पटक- पटक केन्द्रको आदेश उल्लंघन गरेको, प्रदेश सरकारको प्रतिवेदनबाट आर्थिक घोटाला राजस्व छलेको, सदस्यता शुल्क अनियमितता गरेको र आफ्नो मान्छेलाई शुल्क फारम नभराइ झुठा रेकर्ड बनाउन लागेकोले छानबिन गर्नुपर्ने, उपशाखाहरुलाई सदस्यता सम्बन्धी रेकर्ड नदिएको उपशाखाहरुको रेकर्ड दुरुस्ट नराखेको, हालसम्मको रेकर्ड जाली भए पनि उपलब्ध गराउन नचाहेको, हामीहरु आज जाँदा ४ घन्टासम्म फारम पनि नदिएको लगायतको आरोप यस धनुषा शाखामाथि आरोप लगाउँदै रामसिंह यादवले माग गरेका छन् ।

रेडक्रसको मान्यता विपरीत हुँदा अविलम्ब बर्खास्त गरी तदर्थ कमिटी गठन गरी निष्पक्षता कायम गर्नका लागि धीरेन्द्र मोहन झाले बताए।

# शपथ ग्रहणमा मधेशीको छुट्टै दृश्य

**टुडे समाचारदाता**

जनकपुरधाम । नवनिर्वाचित प्रतिनिधि सभा सांसदहरु बिहीवार शपथ ग्रहण गरेका छन् । शपथ ग्रहण गरिएकोमा मधेशबाट प्रतिनिधित्व गर्नेहरुको केही फरक दृश्यहरु देखियो । समयमा कपडा तयार हुन नसक्दा ढिला पुगे, त कोही मैथिला पहिरनमा त कोही स्कूल ड्रेसमा देखिए।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद रबिन महतोले निर्धारित समयमै उपस्थित हुन नसक्दा नियमित शपथ ग्रहण समारोह छुटेपछि पछि छुट्टै रूपमा पद तथा गोपनीयताको शपथ लिए।

संघीय संसद सचिवालयका अनुसार महतोले सिंहदरबारस्थित ज्येष्ठ सदस्यको कार्यकक्षमा ज्येष्ठ सांसद अर्जुननरसिंह केसी समक्ष शपथ लिएका हुन् । उनले आफ्नो मातृभाषा भोजपुरीमा शपथ ग्रहण गरेका छन्।

शपथ समारोहमा सहभागी हुन निस्कनुअघि महतोले लगाउने कपडा फिट नभएपछि त्यसलाई मिलाउने क्रममा ढिलाइ भएको थियो । त्यसपछि ट्याक्सीमार्फत सिंहदरबार पुग्दा निर्धारित समयको शपथ ग्रहण कार्यक्रम छुटेको बताइएको छ। कटेल सर्लाही क्षेत्र नं. २ बाट निर्वाचित सांसद हुन्।

यस्तै रास्वपा सांसद रहबर अन्सारी स्कुल पोशाकमा उपस्थित भई पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् । उनी निलो सर्ट-पाइन्ट लगाएर र पिठ्यूँमा झोला राखेर संसद् प्रवेश गर्दा सञ्चारकर्मीहरूको ध्यान खिचिएका थिए।









प्रतिक्रिया दिँदै अन्सारीले भने, "३५ वर्षअघि बुवाले मलाई हात समातेर विद्यालय लगाउनुभएको थियो। आज मेरो ७४ वर्षका बुवाले मलाई संघीय संसद भवनमा ल्याउनु भएको छ । उहाँका लागि व्यक्तिगत गर्वको विषय होला । तर यसले सम्पूर्ण अभिभावकलाई सम्मान गर्ने अवसर दिएको छ । हाम्रो सफलता र समृद्धि विद्यालयबाटै सुरु हुन्छ।"

सांसद अन्सारीले थप भने, "मैले बोकेको झोला विद्यार्थीहरूको झोला हो, ज्ञानको झोला हो। आजको खुशीको अवसरमा सबैभन्दा ठूलो योगदान बुवा र शिक्षकहरूको छ भन्ने सन्देश दिन चाहन्छु।"

रहबर अन्सारी पहिले नेकपा सदस्य थिए र हाल रास्वपा प्रवेश गरेका हुन् भने उनी प्रत्यक्ष निर्वाचनबाट बारा-४ क्षेत्रबाट निर्वाचित भएका थिए।

### धोती कुर्तामा मधेशी सांसद

यता मधेशबाट प्रतिनिधित्व गर्ने अधिकांश सांसद धोती कुर्ता र कुर्ता पायजामामा सजिएर शपथ ग्रहण कार्यक्रममा गएका थिए । उनीहरुको यो पहिरनले संसदभित्र मधेशको छुट्टै पहिचान झल्किएको थियो।

धनुषा १ का नेकपा सांसद मातृका यादव, धनुषा २ का रास्वपा सांसद रामविनोद यादव, महोत्तरी ३ का रास्वपा सांसद उज्जवल कुमार झा , महोत्तरी २ का रास्वपा सांसद दिपक कुमार साह, सिरहाका सांसदहरु शिव यादव, बब्लु गुप्ता, पुरुषोत्तम यादव र पर्सा २ का रास्वपा सांसद सुशिल कानु मधेशी पहिरन धोती कुर्तामा सजिएर संसद भवन पुगेका थिए । झाले लगाएको पहेलो धोती, सेतो कुर्ताले सबैको ध्यान तानेका थिए। संसदको रंगबिरंगी दृश्यमा मिथिलाको पहिरनको छुट्टै पहिचान काठमाण्डूमा झल्किएको छ।

# भूमिगत जलको भयावह अवस्था उत्पन्न हुन सक्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । भूमिगत जल समस्या तत्काल व्यवस्थापन नगरिए तराई मधेशमा खानेपानी तथा सिचाईको भयावह अवस्था उत्पन्न हुने सरोकारवालाहरुले दाबी गरेका छन्।

बिहीवार जनकपुरधाममा १४ औं राष्ट्रिय भूमिगत जल संगोष्ठी कार्यक्रम अन्तर्गत आयोजित नेपालमा भूमिगत जलको दिगो विकास र व्यवस्थापनका चुनौती तथा अवसरहरु विषयक कार्यक्रममा सहभागी सरोकारवालाहरुले यस्तो दाबी गरेका हुन।

उनीहरुले भने मधेशमा दिनानुदिन भूमिगत जलको समस्या बढदै गइरहेको छ। यसलाई तत्काल दिगो व्यवस्थापन नगरिए आउने निकट समयमै तराई मधेशमा सिचाई मात्रै होइन कि खानेपानीको समस्या समेत विकराल हुन सक्नेछ।

कार्यक्रममा सहभागी वातावरण उर्जा र पानीका लागि अनुसन्धान केन्द्रका अध्यक्ष धुण्डीराज पाठकले भने तराई मधेशमा अहिले जुन अवस्था भूमिगत जलको यसप्रति तीन वटै तहका सरकार गम्भीर भएन भने आउने निकट समयमै सिचाई तथा खानेपानीको समस्या विकराल हुनेछ। पाठकले वर्षातको पानी सिंचित गर्न तत्काल चुरे क्षेत्रका वन जंगलमा खाल्डो वा पोखरी खनेर व्यवस्थापन गर्नुपर्ने र ड्यामहरु निर्माण गर्नुपर्ने बताए।

उनले भने भूमिगत जलको मुख्य श्रोत नै जमिन मुनि पानीको लेयर रिचार्ज हुनु हो । पानीको लेयर रिचार्ज गर्न हामीसँग केही वैकल्पिक व्यवस्था नरहेकाले वर्षातको पानी सिंचित गरेर राखेमा धेरै हदसम्म भूमिगत जलको समस्या समाधान हुने सक्नेछ। यसका साथै जंगल फडानीले भइरहेको भूक्षयले विनाश भइरहेको चुरे क्षेत्रको व्यवस्थापनतर्फ समेत सरकारले तत्काल गम्भीर भएर लाग्नुपर्नेमा जोड दिए।



यस्तै वातावरण विज्ञ एवं पूर्व वातावरण, विज्ञान तथा प्रविधि मन्त्री गणेश साहले चुरे संरक्षण तथा जल सिंचित लगायतका व्यवस्थापन सँगै हामीले गर्ने गरेको क्रियाकलापले वातावरणमा परिरहेको असर बारे पनि सरकारलाई गम्भीर हुनुपर्ने बताए।

उनले भने अहिले स्थानीय र प्रदेश सरकारले कंक्रिटयुक्त पोखरी र नदी नालाको निर्माण गरिरहेको संरचनाले वातावरणसँगै पानी लेयर रिचार्जको मुख बन्द हुने गरेकाले भूमिगत जलको समस्या निम्तेको हो। तीनवटै सरकारले यसप्रति गम्भीर भएर लाग्नुपर्ने आवश्यकता रहेको छ।

कार्यक्रममा सहभागी जलश्रोत अनुसन्धान तथा विकास केन्द्रका कार्यकारी निर्देशक संजीव बरालले मापदण्ड विपरित जडान गरिने चापाकल र विभिन्न प्रकारका बोरिङ्गका कारण तराई मधेशमा भूमिगत जलको समस्या उत्पन्न भएको कुरा औंल्याए।

पानी उपलब्धताका लागि स्थानीय तह, प्रदेश सरकार र निजी रुपमा जडान गरिने चापाकल र बोरिङ्गका कारण समस्या निम्तिएको हो, यसप्रति गम्भीर हुन आवश्यक रहेको भन्दै उनले प्राविधिक चेकजाँज गरी मात्र उचित ठाउँमा चापाकल र बोरिङ्ग जडान गर्नुपर्ने मापदण्डसहितका कार्यविधि तयार पारेर अघि बढनुपर्छ।

त्यसैगरी, नीति तथा योजना आयोग मधेश प्रदेशका उपाध्यक्ष राजकुमार सिंहले १ सयदेखि २ सय फिट गहिराइका चापाकलहरू सुक्दै गए पनि ४५० देखि ६०० फिटमा अझै पानी उपलब्ध रहेको जानकारी दिँदै दीर्घकालीन समाधानका लागि स्रोत संरक्षणमा ध्यान दिनुपर्ने बताए। उनका अनुसार प्रदेशभर साना-ठूला गरी करिब ४४८ खानेपानी आयोजना अधुरा रहेका छन् । त्यसलाई न्यून लगानीमै सञ्चालनमा ल्याउन सकिने भन्दै स्वामित्वसम्बन्धी विवाद समाधान गर्न आवश्यक रहेको उल्लेख गरे।

कार्यक्रमका प्रमुख अतिथि प्रदेश सरकारका उर्जा, सिचाई तथा खानेपानी मन्त्री जवाहरलाल कुशवाहाले प्रदेशमा भूमिगत जलको दिगो व्यवस्थापन कसरी हुन सक्छ भन्नेतर्फ विज्ञहरुसँग छलफल गरेर अघि बढने प्रतिबद्धता जनाए।

उनले भने भूमिगत जल समस्या समाधानका लागि जति पनि सुझाव आएको ती सबै प्रदेश सरकारबाट सम्भव हुन सक्ने नभएकाले स्थानीय तहसँगको सहकार्यमा संघीय सरकारसँग सहयोग र समन्वय गर्नेछु। कार्यक्रममा भूमिगत जलसम्बन्धी विभिन्न सरोकारवाला निकायका प्रतिनिधिसहित स्थानीय तहका पदाधिकारीहरुको सहभागिता रहेको थियो।

# रंगशाला बनाउने योजना वर्षौंदेखि अलपत्र

**टुडे समाचारदाता**

मलंगवा । वन कार्यालयको कारण सर्लाहीको लालबन्दी नगरपालिका ६ मा रहेको राधाकृष्ण फुटबल मैदानलाई रंगशाला बनाउने योजना वर्षौंदेखि अलपत्र रहेको छ।



नगरपालिका कार्यालय र फुटबलसँग सम्वद्ध निकायले लालबन्दीको सो फुटबल मैदानलाई रंगशाला बनाउन लामो समयदेखि प्रयास गर्दै आइरहेका छन्, तर वन कार्यालयले रङ्गशालाका लागि संरचना निर्माण गर्न अनुमति नदिँदा बारम्बार विनियोजन गरिएको बजेट फ्रिज भएर गइरहेको छ।

दुई वर्षअघि लालबन्दी नगरपालिकाले रङ्गशालाका लागि ६५ लाख रुपियाँ बजेट विनियोजन गरेको थियो । त्यसबेला निर्माण सामग्री खसालेर काम सुरु गर्नासाथ डिभिजन वन कार्यालयले हस्तक्षेप गरेर काम अघि बढाउन दिएन।

दर्जनौं स्थानीय तथा राष्ट्रियस्तरका फुटबल प्रतियोगिता आयोजना भएका मैदानलाई रङ्गशाला बनाउन छेउछाउका केही रुख कटान गर्नुपर्ने अवस्था छ । खेल मैदान रहेको जग्गा राधाकृष्ण सामुदायिक वन भित्र पर्छ।

फुटबल मैदानको संरक्षण भने सर्लाही जिल्ला फुटबल संघले गर्दै आइरहेको छ। सङ्घका निवर्तमान उपाध्यक्ष विभुसिंह थापाले रङ्गशाला बनाउन विभिन्न निकायबाट बारम्बार बजेट प्राप्त भए पनि वन कार्यालयबाट अनुमति नपाउँदा समस्या परेको बताएका छन्।

यस क्षेत्रमा दर्जनौं खेलाडी जन्माएको ऐतिहासिक फुटबल मैदानलाई रङ्गशाला बनाउन सके ठुलो उपलब्धि हुने थापाको भनाइ छ। "पूर्वपश्चिम राजमार्गबाटै देखिने मैदानलाई रङ्गशाला बनाउन पाए त यस क्षेत्रको बेग्लै इज्जत, प्रतिष्ठा हुने थियो," थापाले भन्नुभयो, "धेरै पटक बजेट ल्यायौं तर वनको जग्गा भएकाले काम गर्नै नपाएर पटकपटक फ्रिज भएर गइरहेको छ।"

वर्षौंदेखि प्रयास गर्दा पनि रङ्गशाला बनाउन नसक्दा खल्लो महसुस भइरहेको थापाले बताउनुभएको छ । लालबन्दी फुटबल मैदानलाई विस्तार गरी मकवानपुरको पिप्ले रङ्गशाला झैं बनाउने योजना बनाइएको थियो।

फुटबल मैदानले अहिले ओगटेको भू-भागमा फुटबल गतिविधि गर्न कुनै समस्या नरहे पनि छेउछाउका केही रुख कटान गरेर रङ्गशाला नै निर्माण गर्न भने वन कार्यालयले अनुमति दिएको छैन् । रङ्गशाला निर्माणका लागि राजनीतिक खिचातानीसमेत देखा परेको फुटबलप्रेमीले गुनासो गरेका छन् । सर्लाही जिल्ला फुटबल सङ्घका महासचिव कुलप्रसाद गौतम (शिवहरि) ले फुटबल मैदानको जग्गा आफूहरुको स्वामित्वमा नहुँदा योजना अनुसार काम गर्न नपाएको गुनासो गरे। डिभिजन वन कार्यालयले वनको जग्गामा संरचना निर्माण गर्न मन्त्रिपरिषदबाट निर्णय हुनुपर्ने जनाएको छ।

ल ा ल ब न्द ी नगरपालिकाका प्रमुख वासुदेव अधिकारीले फुटबल मैदानलाई रंगशाला बनाउन अब सङ्घीय सरकारबाटैनिर्णयगराउनपहलगरिने बताए । कृषि विश्व विद्यालयका लागि लालबन्दी नगरपालिका १६ परवानीपुरमा वनको खाली जग्गा रहेको क्षेत्र प्राप्तीका लागि प्रक्रिया अघि बढाइको र यो प्रक्रिया पुरा भएपछि फुटबल मैदानका लागि जग्गा प्राप्तीको काम अघि बढाइने नगर प्रमुख अधिकारीले बताए।

# मिटरब्याज पीडितहरुको प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला अदालत धनुषा अगाडि मिटरब्याज पीडितहरुले न्यायाधीशविरुद्ध विरोध प्रदर्शन गरेका छन्।

उनीहरुले मिटरब्याज साहुसँग मिलेर जिल्ला अदालतका न्यायाधीशहरुले पीडितहरुविरुद्ध गलत फैसला गर्ने गरेको आरोप लगाउँदै जिल्ला अदालत धनुषा अगाडि विरोध प्रदर्शन गरेका हुन्।




मिटरब्याज विरुद्ध किसान मजदूर आन्दोलन संघर्ष समितिको आयोजनागरिएकोविरोधप्रदर्शनमा सहभागी मिटरब्याज पीडितहरुले भ्रष्टाचारी न्यायधिशहरु मुर्दाबाद, मिटरब्याजविरुद्ध अदालती प्रक्रिया बन्द गर, फर्जी लिखित बदर गर, मिटरब्याजीहरुलाई जेल हाल, मिटरब्याज पीडितहरुविरुद्ध मुद्दा हाल्ने साहुलाई कारवाही गर लगायतका चर्को नाराबाजी गरेका थिए।

अनुचित लेनदेनको कानून कार्यान्वयन गर, नेपाल सरकारले गरेको सहमति लागू गर, अपराध संहिता २०७४ को दफा २४९ क लागू गर, जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर र अदालतको फैसला मान्दैनौं भन्ने नारासहितका प्लेकार्ड समेत उनीहरु विरोध प्रदर्शन गरेका हुन्।

मिटरब्याज साहुहरुले न्यायाधीशसंगको सेटिङ्गमा आफूहरु विरुद्ध अदालतमा मुद्दा हालेर आफ्नो पक्षमा निर्णय गराइरहेको विरुद्ध आन्दोलनमा उत्रिनु परेको प्रदर्शनमा सहभागी जनकपुरधाम २४ का श्रीराम रामले बताए।

संघर्ष समितिका केन्द्रिय अध्यक्ष अवधेश कुशवाहा र महासचिव मनोज पासवानको नेतृत्वमा गरिएको सो विरोध प्रदर्शनमा मिथिला कमाण्ड अन्तर्गत धनुषा, महोत्तरी, सर्लाही र सिरहा जिल्लासहित चार जिल्लाका मिटरब्याज पीडितहरु विरोध प्रदर्शनमा सहभागी रहेको समितिका धनुषा इन्चार्ज श्याम सुन्दर रायले जानकारी दिएका छन।

नेपाल सरकारले सहमति गरी कानून समेत बनाएको १० प्रतिशत ब्याजमा ऋण रकम मिनाहा गर्ने कानून कार्यान्वयन नगरी अदालती प्रक्रियामा मिटरब्याज साहुहरु गई एक लाखको सट्टा चार लाखको फर्जी कागज देखाएर मुद्दा हाल्ने गरेकाले आफूहरु अदालत र मिटरब्याज साहुविरुद्ध आन्दोलनमा उत्रेको आन्दोलनमा सहभागी एक मिटरब्याज पीडितले बताए।

# सर्लाहीमा परीक्षा केन्द्र घटाइयो

**टुडे समाचारदाता**

मलंगवा। माध्यमिक शिक्षा परीक्षा (एसइई) सञ्चालनका लागि सर्लाहीमा ३५ वटा परीक्षा केन्द्र कायम गरिएको छ। शिक्षा विकास तथा समन्वय इकाइ मलङ्गवाले गत वर्षको भन्दा तीनवटा कम परीक्षा केन्द्र कायम गरेका छन्।

यसवर्ष जनहित मलभोगिया माध्यमिक विद्यालय बरहथवा ५ हात्तीडण्डा, मुक्तेश्वर गणेश रामसखी माध्यमिक विद्यालय बरहथवा ९ मुर्तिया र जनता माध्यमिक विद्यालय धनकौल ३ हरकठवा विद्यालयको परीक्षा केन्द्र हटाइएको छ।

विद्यार्थी सऺ्या कम भएकाले यि तीनवटा विद्यालयमा यसअघि रहेको परीक्षा केन्द्र हटाइएको शिक्षा विकास तथा समन्वय ईकाइ मलङ्गवाका सूचना अधिकारी एवं शाखा अधिकृत सुनिल कुशवाहाले जानकारी दिएका छन् । यो वर्ष हटाइएकामध्ये जनता माध्यमिक विद्यालय धनकौलमा अघिल्ला परीक्षाहरुमा अनुशासन विपरीतका गतिविधिसमेत बारम्बार भएकाले पनि परीक्षा केन्द्र हटाइएको शिक्षा विकास तथा समन्वय इकाइ मलंगवाले जनाएको छ।

परीक्षा सञ्चालन निर्देशिकामा एउटा परीक्षा केन्द्रमा कम्तीमा ३०० विद्यार्थी रहनुपर्ने व्यवस्था छ। परीक्षा केन्द्र हटाइएका तीनवटा विद्यालयमा अघिल्लो वर्ष परीक्षा केन्द्र परेका विद्यालयहरुको परीक्षा केन्द्र यो वर्ष नजिकैको अर्को परीक्षा केन्द्रमा पारिएको शिक्षा विकास तथा समन्वय इकाइका सूचना अधिकारी कुशवाहाले बताए।

चैत १९ गतेदेखि सञ्चालन हुन लागेको एसइइमा सर्लाहीबाट ११ हजार ३७१ परीक्षार्थी सामेल हुँदै छन्। नियमिततर्फ १० हजार २८५ र ग्रेडवृद्धितर्फ एक हजार ८६ परीक्षार्थी सामेल हुने शिक्षा विकास तथा समन्वय इकाइ मलंगवाले जनाएको छ।

# तोडफोड गर्ने धरौटीमा रिहा

**टुडे समाचारदाता**

लहान । जेनजी आन्दोलनको क्रममा गाउँपालिकामा तोडफोड गरेको आरोपमा पक्राउ परेका राम सुरेश यादव अदालतको आदेशपछि धरौटीमा रिहा भएका छन्। अदालतले करिब ६ लाख ७० हजार रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको हो।



नवराजपुर गाउँपालिकाका अध्यक्ष शिव उदगार यादव र वडा नं. ३ का वडाध्यक्ष बन्सिलाल यादवको जाहेरीका आधारमा ती युवामाथि अपराधिक उपद्रव सम्बन्धी मुद्दा दर्ता गरिएको थियो । सो मुद्दालाई लिएर सुरुबाटै राजनीतिक पूर्वाग्रह र पहुँचका आधारमा कारबाही गरिएको आरोप लाग्दै आएको थियो।

स्थानिय युवा अभियन्ता तथा अगुवा विवेक यादवले गाउँपालिकाको कालो कर्तुत र भ्रष्ट प्रवृत्ति बिरुद्द निरन्तर खबरदारी गरेकै आधारमा झुठा मुदा दर्ता गरिएको आरोप लगाएका छन् । उनले भने गत दुई दिनदेखि पालिका अध्यक्ष लगायतका टोलीले रामसुरेशलाई रिहा नगर्न अदालत धाइ रहेका थिए। तर पनि उनको केही चलेन र आज उनी धरौटीमा रिहा भएको हो।

जेनजी आन्दोलनका क्रममा नवराजपुर गाउँपालिकामा भएको तोडफोड घटनामा संलग्न भएको आरोपमा प्रहरीले रामसुरेश यादवसहित ६ जना युवामाथि "अपराधिक उपद्रव" शीर्षकमा मुद्दा दर्ता चलाइएको थियो।

जनमत पार्टीका प्रत्यासी वडाध्यक्ष समेत रहेका राम सुरेश यादवसहित अन्य युवामाथि मुद्दा दर्ता गरिएको घटनाप्रति विरोध जनाउँदै जनमतका नेता कार्यकर्ताहरुले कयौं दिनसम्म विरोध प्रदर्शन गरेका थिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८